सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ चैत २०८१, बुधबार (26 Mar 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३३९ ■ पृष्ठ १० | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-

कलंकीमा फिल्मी शैलीमा ग्याङफाइट

एकको मृत्यु, १६ पक्राउ

(विस्तृत पृष्ठ २)

■ एक सातादेखि शिक्षकहरू धर्नामा

सरकार गम्भीर नभएको आरोप, एसइई सकिएलगत्तै आन्दोलन चर्काइने

(विस्तृत पृष्ठ ३)

यौन व्यवसायको चर्चा र कानुनी अवस्था



अग्रलेख

● सुजन पन्त

कानुनको मौनता तथा सर्वोच्च अदालतको आदेशसमेत हेर्दा नेपालमा यौन व्यवसाय कानुनी रूपमा वैध पेसा नै रहेको बुझ्न सकिन्छ

(पृष्ठ ४)

चीनलाई छाडेर भारतसँग नजिकिँदै न्युजिल्यान्ड

प्रमुख शक्ति प्रतिस्पर्धाका कारण बढ्दो भूराजनीतिक दबाबको सामना गरिरहेका नयाँदिल्ली र वेलिंगटन दुवै 'आसियान' र प्रशान्त टापु मञ्चअन्तर्गतका देशसँग सक्रिय रूपमा संलग्न हुन थालेका छन्

(लेख पृष्ठ ५)

तीन महिनापछि वायुसेवा निगमको आन्तरिक उडान सुरु

दुईवटा जहाजमध्ये एउटाको इन्जिन फेरेर सोमबारदेखि थालियो व्यावसायिक उडान

वायुसेवा निगमको एउटा ट्विनअटर विमान १३ वर्षदेखि ग्राउन्डेड

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कुलमान हटाउने निर्णयविरुद्ध जनता सडकमा

लोडसेडिङ अन्त्य र प्राधिकरणलाई नाफामा पुर्‍याउने कुलमानलाई बिचौलिया र सत्तारूढ शीर्ष नेताको मिलेमतोमा हटाइएपछि विरोधमा नागरिक

कुलमान हटाउने सरकारको निर्णयविरुद्ध हेटौँडामा मंगलबार गरिएको मैनबत्तीसहितको विरोध प्रदर्शन । तस्बिर : **पोष्टराज अधिकारी**

दिउँसो काठमाडौंको बानेश्वरमा गरिएको प्रदर्शनका क्रममा प्रहरी घेरा तोड्ने प्रयासमा प्रदर्शनकारी । साँझ बागबजारमा गरिएको राँकेजुलुससँगै प्रधानमन्त्रीको पुत्लादहन । तस्बिर : **अमुल थापा, ज्ञानेन्द्र कार्की**

साँझ कञ्चनपुरको महेन्द्रनगरमा ऊर्जामन्त्री दीपक खड्काको पुत्ला जलाउँदै युवा । तस्बिर : **मोहन विष्ट**

मिलन विश्वकर्मा, टेकराज थामी

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयविरुद्ध नागरिक सडकमा उत्रिन थालेका छन् । मंगलबार दिनभरि राजधानी काठमाडौंसहित विभिन्न जिल्लामा विरोध प्रदर्शन र साँझ राँकेजुलुस गरिएका छन् । कतिपय ठाउँमा प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काको पुत्ला जलाइएको छ ।

बिचौलिया समूहको योजनामा कुलमान हटाइएको भन्दै विपक्षी दलहरू, कर्मचारी संगठन र नागरिक तहबाट तीव्र

» पृष्ठ ९ मा क्रमशः

बक्यौता उठाउन रोकेको सरकारले हटाउने पत्रमा लेख्यो-

बक्यौता नउठाएको कारण तपाईंलाई हटाइयो

■ **न्याय माग्दै आज सर्वोच्च जाँदै कुलमान**

- **कुलमान हटाउने निर्णय बदनियतपूर्ण र आपत्तिजनक : माओवादी**
- **बक्यौता रकम उठाउन नदिन कुलमानमाथि कारबाही, सरकारको औचित्य समाप्त : रास्वपा**
- राप्रपाले भन्यो- **कुलमानमाथिको कारबाही बदनियतपूर्ण, पुनर्बहालीको माग**
- **कांग्रेसकै केही नेता र सांसदले पनि सार्वजनिक रूपमै गरे विरोध, एमाले मौन**
- **नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले सम्हाले कार्यभार**

■ कुलमान हटाउँदा मन्त्रिपरिषद्मा यस्तो संवाद

गभर्नर नियुक्तिका लागि सिफारिस समिति बनाउने र नेप्सेको सिइयो नियुक्तिबाहेक सोमबारको मन्त्रिपरिषद् बैठकका खासै ठुला एजेन्डा थिएनन् । कुलमान घिसिङलाई हटाउने र हितेन्द्रदेव शाक्यलाई नियुक्त गर्ने विषयमा त अधिकांश मन्त्रीहरूलाई सुइँकोसम्म थिएन । स्रोतका अनुसार प्रधानमन्त्री केपी ओली, परराष्ट्रमन्त्री आरजु राणा र ऊर्जामन्त्री दीपक खड्कालाई मात्र त्यसको जानकारी थियो । सधैँझैँ यो बैठकमा पनि ऊर्जामन्त्री खड्काले अन्तिमतिर 'सरकारलाई नटेरेको, विभागीय मन्त्री र मन्त्रालयलाई बाइपास गरेको, काम गर्नै गाह्रो बनाएको'लगायतका आरोप लगाउँदै कुलमानलाई हटाउन प्रस्ताव गरे । उनको प्रस्तावपछि प्रधानमन्त्री ओलीले उपप्रधानमन्त्रीसहितका 'सिनियर' मन्त्रीहरूतिर हेर्दै सोधे, 'यसमा के छ वरिष्ठ मन्त्रीजीहरूको धारणा ?'

सुरुमा गृहमन्त्री रमेश लेखक बोले । उनले कुलमानलाई नहटाऊँ भनेनन्, बरु अहिले अनुकूल समय नभएको सुनाए । 'मैले वास्तविकता भन्नुपर्छ, कुलमानलाई हटाउन अहिले परिस्थिति अनुकूल छैन,' एक मन्त्रीका अनुसार लेखकको भनाइ थियो । त्यसमा स्वास्थ्यमन्त्री प्रदीप पौडेल र शिक्षामन्त्री विद्या भट्टराईले पनि समर्थन जनाए । त्यसपछि बोलेकी परराष्ट्रमन्त्री राणाले ऊर्जामन्त्री खड्काको प्रस्तावमा सहमति जनाउँदै कुलमानलाई हटाउनुपर्ने बताइन् । 'सरकारलाई नै नटेर्ने, विभागीय मन्त्रीलाई दुःख दिने, त्यत्रो विद्युत् खरिदको सहमति गर्दा मन्त्रालयको स्वीकृतिसमेत नलिएको भनेर विभागीय मन्त्रीले भनिरहनुभएको छ । यसमा किन निर्णय नलिने ? लिनुपर्छ,' स्रोतका अनुसार राणाको भनाइ थियो ।

त्यसपछि उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल बोले । 'यसबारे एकपटक दुईदलीय संयन्त्रमा पनि छलफल गर्ने कि ? त्यहाँ पनि यस विषयमा कुरा उठेको छ,' उनको भनाइ थियो । हटाउँदा बाहिर विरोध हुने, अदालतबाट पुनर्स्थापित हुन सक्ने कुरा पनि बैठकमा सामान्य उठे । त्यसपछि प्रधानमन्त्री ओलीले निर्णायक कुरा सुनाए । 'विरोध हुन्छ । यस्तो होला भनेर चुप लाग्ने कुरा पनि भएन । मलाई पनि त प्रधानमन्त्रीबाट हटाएकै हुन् । यी अहिले फेरि आएँ । निर्णय गरौँ अब,' उनले मुख्यसचिव एकनारायण अर्यालतिर हेर्दै लगभग निर्णय नै सुनाए ।

प्रधानमन्त्री ओलीले बोलिसक्नेबित्तिकै मुख्यसचिव अर्यालले भने, 'प्रधानमन्त्रीज्यू यो विषय प्रस्तावका रूपमा त आएकै छैन ।' प्रधानमन्त्रीले तत्काल निर्देशन दिए, 'यसलाई आजकै मितिको निर्णयमा राखिदिनुस् ।'

■ हितेन्द्रमा कसरी 'सिफ्ट' भयो बिचौलिया समूह ?

हितेन्द्रदेव शाक्य

बिचौलिया समूहले सुरुमा पूर्वसचिव अर्जुन कार्कीलाई कुलमानको विकल्पमा अघि सारेको थियो । आफूअनुकूल निर्णय गर्न आनाकानी नगर्ने र नडराउने सुरो स्वभावका व्यक्तिका रूपमा कार्की उनीहरूको रोजाइमा परेका थिए । ऊर्जामन्त्री दीपक खड्का त्यसमा तयार नै थिए, प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र परराष्ट्रमन्त्रीसमेत रहेकी देउवापत्नी आरजु राणालाई मनाउने अभियानमा थिए । देउवादम्पती त तयार थिए, तर ओली सहमत थिएनन् । खास गरेर कार्कीले पछिल्लो समय लेखेका लेखहरूले ओली असन्तुष्ट थिए । नेताहरूको प्रवृत्ति र शैली ठिक नभएको जिकिरसहितका उनको लेखका कटिङ र प्रिन्टकपी नै बालुवाटार पुगेका थिए । आफ्नै 'कोर' टिमबाट पनि ओलीलाई 'कार्की उपयुक्त नहुने' सुझाव थियो ।

बिचौलिया समूहलाई कुलमान हटाइछाड्ने र आफ्ना काम सहज रूपमा अगाडि बढाउने पात्र चाहिएको थियो । सत्तारूढ शीर्ष नेताहरूसहित उनीहरूबिच कुलमान हटाउनेमा एकमत भए पनि कसलाई ल्याउने भन्नेमा सहमति हुन सकेको थिएन । यस्तो वेला बिचौलिया समूहले व्यक्तिभन्दा परिणाम मुख्य ठान्यो । प्रधानमन्त्री ओली पनि सहमत हुने र आफूहरूको चासो पनि सम्बोधन हुने देखिएपछि हितेन्द्रदेव शाक्य 'सिन'मा आए । बिचौलिया समूहले नै देउवापत्नी आरजुलाई प्राधिकरणको कार्यकारी निर्देशक एमालेलाई दिने गरी शाक्यको नाममा सहमत गराएको स्रोतको भनाइ छ ।

एसइईमा झन्डै आठ हजार विद्यार्थी अनुपस्थित

शिवहरि घिमिरे/नयाँ पत्रिका

माध्यमिक शिक्षा परीक्षा (एसइई)मा झन्डै आठ हजार विद्यार्थी अनुपस्थित भएका छन् । राष्ट्रिय परीक्षा बोर्डका अनुसार ७ चैतदेखि सुरु परीक्षामा अनुपस्थित विद्यार्थीको संख्या सात हजार ८७९ पुगेको छ ।

यस वर्ष एसइईमा सहभागी हुन फारम भर्ने र प्रवेश-पत्र लिने विद्यार्थीको संख्या पाँच लाख १४ हजार ७१ थियो । पहिलो दिन ७ चैतमा अनुपस्थित विद्यार्थी संख्या खोज्दा ठुलो संख्यामा विद्यार्थी परीक्षा दिन नआएको देखिएको बोर्डका कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले बताए ।

उनका अनुसार अनुपस्थित हुने मुख्य कारण रोजगार, स्वास्थ्य समस्या, घरायसी बाध्यता तथा विदेश पलायन हुन् । कतिपय विद्यार्थी पढाइमा रुचि नभएर वा परीक्षा दिन आलस्य गरेर पनि अनुपस्थित हुने गरेको पौडेलले बताए ।

'हामीले यो तथ्यांक पहिलो दिनको आधारमा तयार गरेका हौँ । प्रत्येक जिल्लाबाट प्राप्त तथ्यांकलाई एकीकृत गरी विश्लेषण गरेका

» पृष्ठ ९ मा क्रमशः

● **हालसम्म विभिन्न परीक्षा केन्द्रहरूबाट ७८ वटा मोबाइल जफत गरिएका छन् । यस्तै, १९ परीक्षा निरीक्षक कारबाहीमा परेका छन् भने दुई केन्द्राध्यक्ष निष्कासनमा परेका छन् । साथै, एकजना विद्यार्थीलाई पनि निष्कासन गरिएको छ भने एकजना नक्कली परीक्षार्थीसमेत फेला परेका छन् ।**

टुकी र दियालोको भरमा रहेका मकवानपुरका चेपाङका घरमा बल्यो बिजुली

● घरमा बिजुली बलेपछि खुसी हुँदै टुलकुमारी प्रजाले भनिन्-

हाम्रै पालामा गाउँमा बिजुली आयो

हेटौँडामा **पोष्टराज अधिकारी**

मकवानपुरको विकट राक्सिराङ गाउँपालिका- ९, डनटारकी टुलकुमारी प्रजाले ७० वसन्त पार गरेपछि बल्ल आफ्नै घरमा बिजुलीको उज्यालो पाइन् । टुकी र दियालोको भरमा जीवन गुजारा गरेकी प्रजाले सोमबार बिजुलीको स्विच अन गर्दा घर मात्रै उज्यालो भएन, टुलकुमारीको अनुहार पनि उज्यालो भयो ।

नेपाल विद्युत् प्राधिकरणको 'चेपाङ बिजुली कार्यक्रम'अन्तर्गत सोमबारबाट राक्सिराङ- ६, ७ र ९ मा एकैपटक बिजुली बालिएको हो । योसँगै नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी

» पृष्ठ ९ मा क्रमशः

■ राक्सिराङ पूर्ण वडा विद्युतीकरण घोषणा

३३० घरधुरीलाई झन्डै पाँच हजार पर्ने विद्युत् मिटर प्राधिकरणले अति सीमान्तकृत जाति चेपाङका लागि निःशुल्क दिएको हो

■ यसरी सुरु भएको थियो बिजुली पुर्‍याउने अभियान

मकवानपुरकै दुर्गम रहेको राक्सिराङमा ०७६/७७ देखि नै चेपाङलाई बिजुली कार्यक्रम अघि बढाइएको थियो । गाउँपालिकाले आफ्नै स्रोतमा सञ्चालन गर्दै आएको विद्युतीकरणको कामलाई विद्युत् प्राधिकरणले चेपाङलाई बिजुली कार्यक्रममार्फत सम्पन्न गरेको अध्यक्ष मल्लले बताए ।

उनका अनुसार सुरुवातमा गाउँपालिकाले एक करोड र पछि बागमती प्रदेश सरकारले एक करोड थप गरी अन्य प्राधिकरणको सहयोगमा ६ करोडले वडामा बत्ती पुर्‍याउन विद्युत् पोल गाड्ने र तार तान्ने काम भएको थियो । पछि प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले चेपाङलाई विद्युत् कार्यक्रममार्फत ३० करोड रुपैयाँ थप गरिदिएपछि अभियानलाई अघि बढाएको हो । यो कार्यक्रममार्फत सबै वडामा विद्युत्को पहुँच पुगे पनि अझै सबै नागरिकको पहुँचमा विद्युत् सेवा पुर्‍याउन बाँकी रहेको उनले बताए । अहिले पनि बिजुली नपुगेका स्थानमा विद्युतीकरण गर्न आठ करोड रुपैयाँमा ठेक्का लागेको र काम सुरु भइसकेको अध्यक्ष मल्लले बताए ।

■ आगलागीले १७ घरगोठ जले

बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

बाँकेको नरैनापुर गाउँपालिका- ४ जयरामपुर्वामा आगलागी हुँदा १७ घरगोठ जलेर नष्ट भएका छन् । मंगलबार दिउँसो भएको आगलागीमा लहरै रहेका फुसका घरगोठ जलेको बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले बताए । जुमाई खाँको घरबाट सुरु भएको आगो तीव्र हावाका कारण बस्तीमा फैलिएको थियो ।

स्थानीय, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले आगो नियन्त्रणमा लिन नसकेपछि नेपालगन्जबाट दमकल लगिएको थियो । नरैनापुरको दमकल बिग्रिएको थियो ।

आगलागीबाट ६० लाख रुपैयाँबराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । 'आगलागीबाट भएको क्षतिको यकिन विवरण आउन बाँकी छ । विवरण संकलन भएपछि मात्र यकिन क्षति भन्न सकिने अवस्था छ,' प्रजिअ जोशीले भने । आगलागीपीडितका लागि प्रशासन र पालिकाले वास र खानाको व्यवस्था गरेको नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद साहले बताए ।

CamScanner

कलंकीमा फिल्मी शैलीमा ग्याङफाइट, एकजनाको मृत्यु, १६ पक्राउ

नयाँ पत्रिका

काठमाडौं महानगरपालिका-१४ कलंकी खड्का गाउँनजिकै दोलखा मेलुङ गाउँपालिका-४ का २३ वर्षीय अभय भनिने अबे तामाङ र पर्सा सखुवा प्रसौनी गाउँपालिका-१ का २१ वर्षीय आशिष श्रेष्ठ समूहको सोमबार साँझ ७:३० जम्का भेट भयो । दुई समूहबिच होलीको विषयलाई लिएर २९ फागुनमा विवाद भएको थियो । यसपटक भने लागुऔषधको विषयले दुई समूहको विवाद चरम उत्कर्षमा पुग्यो ।

तामाङ उत्तेजित बने । फोनमार्फत उनले आफ्ना समूहका युवालाई घटनास्थल बोलाए । यो दृश्यले श्रेष्ठ उत्तेजित बने । उनले पनि आफ्ना समूहका युवालाई घटनास्थल बोलाए । नभन्दै रड र धारिलो हतियारसहित श्रेष्ठको १६ जनाको समूह घटनास्थल आइपुग्यो । तामाङतर्फका भने चार युवा मात्रै भए ।

उत्तेजित बनेका श्रेष्ठले आवेग थाम्न सकेनन् । भेला भएका युवालाई आक्रमण गर्न निर्देशन दिए । हतियारसहितका युवाले तामाङको समूहविरुद्ध अन्धाधुन्द प्रहार गरे । यही क्रममा तामाङको ढाडमा रड रोपियो । टाउकोमा धारिलो हतियार प्रहार भयो । घाइते तामाङ सडकमा ढले । प्रहारमा संलग्न युवा क्षणभरमै अलप बने । घटनाको अनुसन्धानमा संलग्न जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एसपी अपिलराज बोहराले विगतको रिसइबी र लागुऔषधको विषयलाई लिएर दुई पक्षबिच झडप भएको र एकले ज्यान गुमाएको बताए ।

उनले भने, 'दुई समूहबिच पहिला पनि विवाद भएको रहेछ । पछि त्यसमा लागुऔषध पनि थपियो । सोही विषयलाई लिएर दुईबिच झडप भयो । झडपमा तामाङको ढाडमा रड र टाउकोमा धारिलो हतियार प्रहार भएको रहेछ । चोटका कारण उनको मृत्यु भएको देखिन्छ ।' अनुसन्धानका क्रममा प्रहरीले घटनामा संलग्न श्रेष्ठसहित १६ जनालाई पक्राउ गरेको छ । उनीहरूविरुद्ध अनुसन्धानका लागि जिल्ला अदालत काठमाडौंबाट पाँच दिनको म्याद थप भएको छ । पक्राउ पर्ने सबै २७ देखि १९ वर्ष उमेर समूहका छन् ।

हत्या आरोपमा भक्तपुरमा दुई पक्राउ

मध्यपुरथिमि नगरपालिका-६ बस्ने ३२ वर्षीय लक्ष्मण खड्काको कुटपिट गरी हत्या गरेको अभियोगमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सर्लाही लालबन्दी नगरपालिका-९ घर भएका ३९ वर्षीय यादव पौडेल र सिन्धुली तीनपाटन गाउँपालिका-३ चकमके घर भएका २४ वर्षीय अनिश तामाङ रहेका

छन् । मध्यपुरथिमि नगरपालिका-२ सानोठिमी मगरगाउँ जाने सडकको छेउमा गत २७ फागुन बिहान अचेत अवस्थामा फेला परेका लक्ष्मणको राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंमा थप उपचारको क्रममा मृत्यु भएको थियो । अनुसन्धानको क्रममा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले घटनामा संलग्न पौडेल र तामाङलाई पक्राउ गरेको हो । आपसी विवाद हुँदा ढुंगाले टाउकोमा हानेर उनीहरूले खड्काको हत्या गरेको भक्तपुर परिसरका डिएसपी ढुन्डीराज नेउपानेले बताए । उनीहरूउपर कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत भक्तपुरबाट पाँच दिन म्याद थप गरेर अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

सय रुपैयाँ लेनदेन विवादमा हत्या

भक्तपुरको मध्यपुरथिमि नपा-९ स्थित नीलबाराही जंगलमा पनि ओमप्रकाश राईको हत्या भएको छ । हत्यामा संलग्न रोल्पाको परिवर्तन गाउँपालिका-६ का ५७ वर्षीय हिमाल बुढामगरलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीका अनुसार सय रुपैयाँ लेनदेनको विषयमा विवाद हत्यामा परिणत भएको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले बताए । उनको आइतबार राति हत्या भएको थियो ।उनले भने, 'उनीहरू १० चैतको साँझ दुवैजना सँगै बसेर मदिरा पिए । यही क्रममा सय रुपैयाँ लेनदेनको विषयमा दुईबिच विवाद भयो । यहीक्रममा हिमालले ओमप्रकाशलाई प्रहार गरे । सोही प्रहारको चोटले उनको मृत्यु भएको देखिन्छ ।'

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण

१) **ऋणी फर्म: वादल गल्ला भण्डार,** प्रोप्राईटर तथा जमानीकर्ता: राम श्रेष्ठ प्रसाद चनौ
दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. : ९६३६/५५६, दर्ता मिति: २०७७/०६/२९, ठेगाना: जिल्ला रौतहट, पूरेनवा गा.वि.स. वडा नं. ४ (हाल गौर न.पा. वडा नं. ४)

धितोको विवरण

१) महादेव राय चनौको नाति, महन्थ राय चनौको छोरा, रौतहट जिल्ला, टिकुलिया गाउँ पञ्चायत वडा नं. ७ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गौर न.पा. वडा नं. ६ बस्ने राम श्रेष्ठ प्रसाद चनौको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. १ (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४७३, १४७५, १४७६ र १४७७ को क्षेत्रफल क्रमश: ०-१-६½, ०-१-०, ०-१-० र ०-१-६½ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) महादेव राय चनौको नाति, महन्थ राय चनौको छोरा, रौतहट जिल्ला, टिकुलिया गाउँ पञ्चायत वडा नं. ७ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गौर न.पा. वडा नं. ६ बस्ने राम श्रेष्ठ प्रसाद चनौको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १८९२ को क्षेत्रफल ०-१-० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) वादल गल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२) **१) ऋणी: रोशन पासी**
स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २, हाल ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२, बाबु: इन्द्रजित पासी, बाजे: रामसमुज पासी

धितोको विवरण

झिगुर पासीकी छोरी, रामसमुज पासीकी बुहारी, इन्द्रजित पासीकी पत्नी, रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२ बस्ने कौलवासी पासीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लागतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. १ (हाल देवदह न.पा. वडा नं. १२) स्थित किता. न. १००९ को क्षेत्रफल ०-०-१७-० (विगाह) को जग्गा तथा रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. ५ (हाल देवदह न.पा. वडा नं. १२) स्थित किता. न. ४१७ र ४२० को क्षेत्रफल क्रमश: ०-०-१५-० र ०-०-५.५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।

कर्जाको किसिम: व्यक्तिगत कर्जा
२) ऋणी: अनिल कुमार पासी
स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २, हाल ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२, बाबु: इन्द्रजित पासी, बाजे: रामसमुज पासी

जमानीकर्ताहरु: १) कौलवासी पासी, स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २, हाल ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२, बाबु: झिगुर पासी, ससुरा: रामसमुज पासी, पति: इन्द्रजित पासी, **२) सञ्जु पासी,** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, तिलौराकोट गा.वि.स. वडा नं. ४, हाल ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२, बाबु: सवरु पासी, ससुरा: इन्द्रजित पासी, पति: रोशन पासी

कर्जाको किसिम: व्यक्तिगत कर्जा
३) ऋणी: सञ्जु पासी
स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, तिलौराकोट गा.वि.स. वडा नं. ४, हाल ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२, बाबु: सवरु पासी, ससुरा: इन्द्रजित पासी, पति: रोशन पासी

जमानीकर्ताहरु: १) कौलवासी पासी, स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २, हाल ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२, बाबु: झिगुर पासी, ससुरा: रामसमुज पासी, पति : इन्द्रजित पासी, **२) अनिल कुमार पासी,** स्थायी ठेगाना: रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २, हाल ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १२, बाबु: इन्द्रजित पासी, बाजे: रामसमुज पासी

३) **१) ऋणी फर्म: श्री दाउन्नेदेवी एकिकृत कृषि फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: पार्वती पोखेल
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प) प्रा.फ.दर्ता नं. ९८/०७८/०७९ दर्ता मिति: २०७८/०४/१९, ठेगाना: जिल्ला नवलपरासी, सुनवल न.पा. वडा नं. १३

धितोको विवरण

१) टिका प्रसाद पोखरेलको नाती, मिन प्रसाद पोखेल शर्माको छोरा, स्याङ्जा जिल्ला, वाहाकोट गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. १३ बस्ने गुप्त प्रसाद पोखेलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. २घ (हाल नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. १३) स्थित कित्ता नं. ५४० को क्षेत्रफल ०-०-१२ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) टिकालालकी बुहारी, मिन प्रसाद शर्मा भन्ने मिन बहादुर क्षेत्रीकी पत्नी, स्याङ्जा जिल्ला, कोल्माबाराहचौर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. १३ बस्ने श्रीमती रेशम कुमारी शर्मा भन्ने रेशम देवीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. २घ (हाल नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. १३) स्थित कित्ता नं. ६७२ को क्षेत्रफल ०-१-२-२ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) दाउन्नेदेवी एकिकृत कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

कर्जाको किसिम: व्यक्तिगत कर्जा
२) पोष प्रसाद भण्डारी
ठेगाना: नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. १२, बाबु: बिष्णु प्रसाद भण्डारी, बाजे: गंगा नारायण भण्डारी

जमानीकर्ताहरु: १) गुप्त प्रसाद पोखेल, स्थायी ठेगाना: स्याङ्जा जिल्ला, वाहाकोट गा.वि.स. वडा नं. ९, हालको ठेगाना: नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. १३, बाबु: मिन प्रसाद पोखेल शर्मा, बाजे: टिकालाल पोखरेल, **२) श्रीमती रेशम कुमारी शर्मा भन्ने रेशम देवी,** स्थायी ठेगाना: स्याङ्जा जिल्ला, वाहाकोट गा.वि.स. वडा नं. ९, हालको ठेगाना: नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. १३, ससुरा: टिकालाल शर्मा, पति: मिन प्रसाद शर्मा भन्ने मिन बहादुर क्षेत्री

४) **१) ऋणी फर्म: न्यु पाथिभरा देवी ज्वेलर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: सिता बिमली
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कोशी प्रदेश झापा, भद्रपुरमा वाणिज्य फर्म दर्ता नं: ५८२-१८०९३,
दर्ता मिति: २०८०/०२/१०, ठेगाना : जिल्ला झापा, कन्काई न.पा.वडा नं. ३

धितोको विवरण

१) धर्मानन्द उप्रेतीकी छोरी, डिल्ली प्रसाद विमलीकी बुहारी, नवराज विमलीकी पत्नी, झापा जिल्ला, कन्काई न.पा. वडा नं. ३ बस्ने सिता बिमलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स. वडा नं. ५ (हाल कन्काई न.पा. वडा नं. ३), स्थित कित्ता नं. २५५२ र ४६३६ को क्षेत्रफल क्रमश: ०-२-१०-० र ०-०-७.२५-० (विगाह)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) न्यू पाथिभरा देवी ज्वेलर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२) ऋणी फर्म: पाथिभरा देवी ज्वेलरी, प्रोप्राईटर तथा जमानीकर्ता: नवराज विमली
दर्ता नं.: घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्रा.फ.नं.घ.उ.वि. ४९५/३८/९९३१,
दर्ता मिति: २०६८/०२/२२, ठेगाना: जिल्ला झापा, सुरुङ्गा गा.वि.स.वडा नं. ५

धितोको विवरण

१) हरि प्रसाद विमलीको नाति, डिल्ली प्रसाद विमलीको छोरा, झापा जिल्ला, कन्काई न.पा. वडा नं. ३ बस्ने नवराज विमलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स. वडा नं. ५ख (हाल कन्काई न.पा. वडा नं. ३), स्थित कित्ता नं. २६३ को क्षेत्रफल ०-०-१८.५० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) धर्मानन्द उप्रेतीकी छोरी, डिल्ली प्रसाद विमलीकी बुहारी, नवराज विमलीकी पत्नी, झापा जिल्ला, कन्काई न.पा. वडा नं. ३ बस्ने सिता बिमलीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.वि.स. वडा नं. ५ (हाल कन्काई न.पा. वडा नं. ३), स्थित कित्ता नं. २५५२ र ४६३६ को क्षेत्रफल क्रमश: ०-२-१०-० र ०-०-७.२५-० (विगाह)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) पाथिभरा देवी ज्वेलरी को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

५) **१) ऋणी फर्म: एस एस सु सेन्टर,** प्रोपाईटर तथा जमानतकर्ता: प्रवीण चौलागाई
दर्ता नं.: वाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा) प्रा.फ.र.नं. १५३७३३/०७६/७७, दर्ता मिति: २०७६/१०/२४, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा.वडा नं. २१

२) ऋणी: आश्वीन प्रसाद चौलागाई
ठेगाना : काभ्रे जिल्ला, पोखरी चौरी गा.वि.स.वडा नं.४, बाबु :राम प्रसाद चौलागाई, बाजे: चुडामणी चौलागाई

धितोको विवरण

१. गोबिन्द प्रसाद गौतमकी छोरी, राम प्रसादकी बुहारी, आश्वीन प्रसाद चौलागाईकी पत्नी, काभ्रे जिल्ला, पोखरी चौरी गा.वि.स. वडा नं.४ बस्ने निर्मला चौलागाईको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, बनेपा न.पा.वडा नं. ३ क स्थित कित्ता नं. ११६ को क्षेत्रफल ०-७-१-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२. एस एस सु सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

३) ऋणी फर्म: वेष्ट सेलर्स, प्रोपाईटर तथा जमानतकर्ता: आश्वीन प्रसाद चौलागाई
दर्ता नं.: उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,घरेलु तथा साना उद्योग कार्यालय,बागमती प्रदेश,ललितपुर प्रा.फ.र.नं.: ३-३४-३७६-१९२/२०७८/७९, दर्ता मिति: २०७८/०४/२८, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा.वडा नं. १६

धितोको विवरण

१) गोबिन्द प्रसाद गौतमकी छोरी, राम प्रसादकी बुहारी, आश्वीन प्रसाद चौलागाईकी पत्नी, काभ्रे जिल्ला, पोखरी चौरी गा.वि.स. वडा नं.४ बस्ने निर्मला चौलागाईको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, बनेपा न.पा.वडा नं. ३ क स्थित कित्ता नं. ११६ को क्षेत्रफल ०-७-१-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) चुडामणीको नाति, राम प्रसादको छोरा काभ्रे जिल्ला, पोखरी चौरी गा.वि.स.वडा नं.४,बस्ने आश्वीन प्रसाद चौलागाईको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, पोखरी चौरी गा.वि.स.वडा नं. ४ (हाल काभ्रे जिल्ला, चौरी देउराली गा.पा.वडा नं.५) स्थित कित्ता नं. ६०,३३८ र ३३६ को क्षेत्रफल क्रमश : ४,८६४.७७, १,८२४.२६ (व.मी.) र १०-०-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) वेष्ट सेलर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

६) **ऋणी कम्पनी: रोयल सक्सेस प्रा.लि.,** संचालक तथा जमानीकर्ता: सुरेश दाहाल
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं: २५७९७४/०७७/०७८, दर्ता मिति २०७७/११/२०, ठेगाना: जिल्ला काठमाडौं, टोखा न.पा. वडा नं. ७

धितोको विवरण

१) ईन्द्र बहादुर दाहालको नाति, कुल चन्द्र दाहालको छोरा, सिन्धुली जिल्ला, लदाभिर गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ७ बस्ने सुरेश दाहालको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल गा.वि.स. वडा नं. ४ क स्थित किता नं. ४०२ को क्षेत्रफल ०-१०-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) ईन्द्र बहादुर दाहालको नाति, कुल चन्द्र दाहालको छोरा, सिन्धुली जिल्ला, लदाभिर गा.वि.स. वडा नं. २, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ७ बस्ने सुरेश दाहालको नाममा मालपोत कार्यालय टोखा, सरस्वती काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, झोर माहाकाल गा.वि.स. वडा नं. ८ङ स्थित किता नं. ४८ को क्षेत्रफल ०-६-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) रोयल सक्सेस प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

७) **ऋणी फर्म: एस.एस.वि. फेशन टेलर्स,** संचालक तथा जमानीकर्ता: विक्रम कुमार दमाई
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ५२०, दर्ता मिति २०७६/०४/१४, ठेगाना: जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा नं. ८

धितोको विवरण

१) लाल बहादुर श्रेष्ठकी छोरी, छठ बहादुर दमाईकी बुहारी, विक्रम कुमार दमाईकी पत्नी, सर्लाही जिल्ला, वरहथवा गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ०८ बस्ने प्रमिला कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, भोटेचौर गा.वि.स.वडा नं. ७ (हाल मेलम्ची न.पा. वडा नं. २) स्थित किता नं. ४५५ र ४५६ को क्षेत्रफल क्रमश: ८६४.४६ र ५७४.३२ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) एस.एस.वि. फेशन टेलर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

८) **१) ऋणी फर्म: धनमाया स्टोर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: धन गुरुङ
दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय दमौली तनहुँमा प्रा.फ.र.नं. ५३०/०६५/०६६ दर्ता मिति: २०६५/०७/२६, ठेगाना: जिल्ला तनहुँ, बन्दिपुर गा.वि.स. वडा नं. १

२) ऋणी: धन गुरुङ
स्थायी ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: बिचमान गुरुङ, ससुरा: वालुमान गुरुङ

धितोको विवरण

१) बिचमान गुरुङकी छोरी, वालुमान गुरुङकी बुहारी, आस बहादुर गुरुङकी पत्नि, तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १, स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १ बस्ने धन गुरुङको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १ स्थित किता नं. ७४५, १७२६ र १७२१ को क्षेत्रफल क्रमश: ०-५-१-३, ०-२-३-३ र ०-३-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) धनमाया स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

कर्जाको किसिम: व्यक्तिगत कर्जा
३) पिङ्की गुरुङ
स्थायी ठेगाना : तनहुँ जिल्ला, बन्दिपुर न.पा. वडा नं. १, हालको ठेगाना : तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु : आस बहादुर गुरुङ, बाजे : वालुमान गुरुङ

जमानीकर्ताहरु: १) धन गुरुङ, स्थायी ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: बिचमान गुरुङ, ससुरा: वालुमान गुरुङ, पति: आस बहादुर गुरुङ **२) आस बहादुर गुरुङ,** स्थायी ठेगाना: लमजुङ जिल्ला, गौडा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: वालुमान गुरुङ, बाजे: कर्ण सिं गुरुङ, **३) अजय गुरुङ,** स्थायी ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर न.पा. वडा नं. १, हालको ठेगाना: तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. १, बाबु: आस बहादुर गुरुङ, बाजे: वालुमान गुरुङ

९) **१) ऋणी कम्पनी: सबृस्टी एग्रो इण्डस्ट्रीज प्रा.लि.,** संचालक तथा जमानीकर्ता: रबि रिजाल
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: २५३५९४/०७७/०७८, दर्ता मिति २०७७/१०/११, ठेगाना: जिल्ला काठमाडौं, टोखा न.पा. वडा नं. ३

२) ऋणी: रबि रिजाल
स्थायी ठेगाना: नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं. २, हालको ठेगाना : काठमाडौ जिल्ला, टोखा न.पा. वडा नं. ३
बाबु : पुरुषोत्तम रिजाल, बाजे : कुल प्रसाद रिजाल

धितोको विवरण

१) कुल प्रसाद रिजालको नाती, पुरुषोत्तम रिजालको छोरा, नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला, टोखा न.पा. वडा नं. ३ बस्ने अच्युत रिजालको नाममा मालपोत कार्यालय टोखा, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, झोरमहांकाल गा.वि.स. वडा नं. ९/९क (हाल टोखा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३३५, ३३६, ३३७, ३३८, ३३९, ३४०, ३४१ को क्षेत्रफल क्रमश: ४५.७१, १३.९२, ६५.५७, ९७.३६, १३१.१४, १३.९२, ९.९४ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) सबृस्टी एग्रो इन्डसट्रीज प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

कर्जाको किसिम: बिना धितो कर्जा
३) ऋणी: अच्युत रिजाल
स्थायी ठेगाना : नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं. २, हालको ठेगाना : काठमाडौ जिल्ला, टोखा न.पा. वडा नं. ३
बाबु: पुरुषोत्तम रिजाल, बाजे : कुल प्रसाद रिजाल

जमानीकर्ताहरु: १) रबि रिजाल, स्थायी ठेगाना: नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं. २, हालको ठेगाना: काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ५, बाबु: पुरुषोत्तम रिजाल, बाजे: कुल प्रसाद रिजाल, **२) दुर्गा रिजाल,** स्थायी ठेगाना: नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं. ४, हालको ठेगाना: काठमाडौ जिल्ला, टोखा न.पा. वडा नं. ३, ससुरा: कुल प्रसाद रिजाल, पति: पुरुषोत्तम रिजाल, **३) रमा ढकाल,** स्थायी ठेगाना: गोरखा जिल्ला, बोर्लाङ गा.वि.स. वडा नं. ४, हालको ठेगाना: काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३, बाबु: कृष्ण प्रसाद ढकाल, ससुरा: पुरुषोत्तम रिजाल, पति: अच्युत रिजाल

नोट: ऋणी तथा संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

CamScanner

■ एक सातादेखि धर्नामा शिक्षक

विगतका सहमतिमा सरकार गम्भीर नभएको आरोप, एसईईलगत्तै आन्दोलन चर्काउने तयारी

■ **लक्ष्मीकिशोर सुवेदी**, अध्यक्ष, नेपाल शिक्षक महासंघ

हामीसँग यसअघि भएका भद्र सहमतिअनुसार छिटोभन्दा छिटो विद्यालय शिक्षा विधेयक आउनुपर्छ भन्ने माग हो । यो हाम्रो आन्दोलनको एउटा स्वरूप हो, यदि माग सुनिएन र विद्यालय शिक्षा विधेयक अघि बढेन भने आन्दोलन चर्काउँछौँ ।

■ **शिवकुमार सापकोटा**, प्रवक्ता, शिक्षा मन्त्रालय

शिक्षकहरूले दबाब दिइरहनुभएको छ, मन्त्रालय शिक्षकका मागलाई उचित स्थानमा राख्दै अघि बढेको छ, अब आउने ऐनमा शिक्षकहरू अन्यायमा पर्नुहुन्न भन्ने विश्वास दिलाउन चाहन्छौँ । शिक्षकसँगका सहमतिअनुसार नै ऐन आउँछ, यसमा शंका मान्नुपर्दैन ।

सानोठिमीस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रांगणमा शिक्षकको धर्ना । **तस्बिर : सतिश पोखरेल**/नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले जनाएको प्रतिबद्धताअनुसार नै विद्यालय शिक्षा विधेयक अघि बढ्नेमा शिक्षकहरूले आशंका गरेका छन् । सहमति गरेको डेढ वर्ष बितिसक्दा विद्यालय शिक्षा विधेयक अघि नबढेको र शिक्षकसँगका सहमतिमा सरकार गम्भीर नभएको उनीहरूको आरोप छ ।

आफूहरूसँग भएका सहमति कार्यान्वयन गर्दै विधेयकलाई यथाशीघ्र टुंगोमा पुर्‍याउनुपर्ने भन्दै एक सातादेखि उनीहरूले सानोठिमीस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रांगणमा धर्ना दिइरहेका छन् । धर्ना १५ चैतसम्म कायम रहने र त्यसपछि आन्दोलनका गतिविधि थप चर्काउने शिक्षक महासंघको तयारी छ । माध्यमिक शिक्षा परीक्षा (एसइई) सकिएपछि आन्दोलन चर्काउने चेतावनी दिएका उनीहरूले २० चैतदेखि काठमाडौंकेन्द्रित आन्दोलन थाल्ने भएका छन् ।

शिक्षकहरूले माइतीघर मण्डला हुँदै ठुला दलका पार्टी कार्यालयमा प्रदर्शन र धर्नासमेत दिएका थिए । नेपाल शिक्षक महासंघको नेतृत्वमा भएको धर्नामा मंगलबार पाँच सयको संख्यामा शिक्षकहरू सहभागी भएका थिए । शिक्षकहरू बिहानैदेखि केन्द्रको प्रांगणमा रिले अनशन र धर्ना बस्ने गरेका छन् । नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले यसअघि सरकारसँग भएका सहमति कार्यान्वयन हुने आशंका देखिएकाले दबाब दिन फेरि आन्दोलनका कार्यक्रम अघि सारिएको बताए ।

'हामीसँग यसअघि भएका भद्र सहमतिअनुसार छिटोभन्दा छिटो विद्यालय शिक्षा विधेयक आउनुपर्छ भन्ने माग हो,' उनले भने, 'यो हाम्रो आन्दोलनको एउटा स्वरूप हो, यदि माग सुनिएन र विद्यालय शिक्षा विधेयक अघि बढेन भने आन्दोलन चर्काउँछौँ ।' शिक्षकहरू एक सातायता बिहान ९ देखि बेलुकी ६ बजेसम्म केन्द्रको प्रांगणमा अनशन बस्दै आएका छन् । महासंघका अध्यक्ष सुवेदीले रिले अनशन १५ चैतसम्म जारी रहने र त्यसपछि थप दबाबका कार्यक्रम तय भइसकेको बताए ।

नेपाल शिक्षक महासंघको नेतृत्वमा पछिल्लोपटक १७ फागुनदेखि देशभरका शिक्षकहरू काठमाडौंकेन्द्रित आन्दोलनमा थिए । उनीहरूले २० चैतदेखि बृहत् धर्ना र आन्दोलनका कार्यक्रम गर्ने तयारीसमेत गरिसकेका छन् । यसअघि ०८० असोजमा शिक्षकको आन्दोलनले काठमाडौंका सडक तताएको थियो । त्यतिवेला देशैभरका शिक्षक विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिएका थिए । एक सातासम्म काठमाडौंकेन्द्रित आन्दोलन चर्किएपछि ५ असोज ०८० मा भएको वार्तामा सरकारका तर्फबाट तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, तत्कालीन शिक्षामन्त्री अशोक राई, नेपाल शिक्षक महासंघ, राजनीतिक दलनिकट शिक्षक संघ-संगठन र स्वतन्त्र शिक्षक प्रतिनिधिबिच शिक्षकका माग सम्बोधन गर्ने सहमति बनेको थियो ।

शिक्षकहरूले मुख्यतः २७ भदौ ०८० मा प्रतिनिधिसभामा पेस विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकप्रति नै आपत्ति जनाएका छन् । तत्कालीन समयमा शिक्षामन्त्री राईले सो विधेयक प्रतिनिधिसभामा पेस गरेका थिए । तर, सो विधेयकमा थुप्रै त्रुटि रहेकाले शिक्षकहरूको आन्दोलन चर्किएपछि ५ असोज ०८० सरकारसँग वार्ता गरेर शिक्षकमा काम पूरा गर्ने समहति भएको थियो । तर, उक्त सहमतिको अवस्थाबारे शिक्षकहरू नै जानकार छैनन् । विद्यालय शिक्षा विधेयक पनि अहिले संसद्को शिक्षा समितिमा छलफलकै क्रममा छ । हाल समितिले सातै प्रदेशमा सुझाव संकलन गरी त्यसलाई एकीकृत गर्ने कार्य भइरहेको छ ।

हाल देशभर कक्षा १२ सम्मका निजी र सरकारी सबै शिक्षक कर्मचारीको संख्या झन्डै चार लाख २० हजार छ । यीमध्ये अधिकांश शिक्षक ट्रेड युनियनमा आबद्ध छन् । नेपाल शिक्षक महासंघका अनुसार हाल कांग्रेसनिकट नेपाल शिक्षक संघमा ९० हजार, एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक संगठनमा ८० हजार र माओवादीनिकट अखिल नेपाल शिक्षक संघमा ५० हजार शिक्षक आबद्ध छन् । शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शिक्षकहरूका मागअनुसार नै विधेयक अघि बढिरहेको बताए । 'शिक्षकहरूले दबाब दिइरहनुभएको छ, मन्त्रालय शिक्षकका मागलाई उचित स्थानमा राख्दै अघि बढेको छ, अब आउने ऐनमा शिक्षकहरू अन्यायमा पर्नुहुन्न भन्ने विश्वास दिलाउन चाहन्छौँ,' उनले भने ।

■ यस्तो थियो ५ असोज ०८० मा शिक्षकसँग भएको सहमति

- साबिक उच्च माध्यमिक विद्यालयमा स्वीकृत दरबन्दी र अनुदान कोटामा कार्यरत शिक्षक, विशेष शिक्षक, छुट अस्थायी करार, प्राविधिक धार र शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको सीमित प्रतिस्पर्धासम्बन्धी व्यवस्थालाई एकपटकका लागि आन्तरिकतर्फ ७५ प्रतिशत कायम गर्ने ।
- शिक्षकको १०-१० वर्षमा आवधिक बढुवा हुने व्यवस्था गर्ने । माध्यमिक तहको विशिष्ट श्रेणीमा बढुवा हुन न्यूनतम पाँच वर्ष सेवा कायम गर्ने ।
- विस्थापित भएको मितिबाट पुनर्बहालीसम्म वा निवृत्त भएको वा सेवाबाट राजीनामा दिएको अवधिसम्म टुटेको सेवा अवधि निवृत्तिभरण वा उपदान वा अन्य सुविधा प्रयोजनका लागि गणना गर्ने ।
- शिक्षक तथा कर्मचारीसम्बन्धी विभागीय कारबाही र सजायसम्बन्धी व्यवस्थालाई पुनरावलोकन गर्ने ।
- शिक्षकको निवृत्तिभरण प्रयोजनका लागि अपुग हुने अवधि निजको अस्थायी सेवा अवधिबाट गणना गर्ने ।
- योगदानमा आधारित निवृत्तिभरण प्रारम्भ हुने मिति निजामती कर्मचारीलाई भएसरह व्यवस्था गर्ने ।
- विगतमा निम्न माध्यमिक द्वितीय तथा प्राथमिक द्वितीय श्रेणी पदमा खुला प्रतिस्पर्धाबाट नियुक्त भएका शिक्षकको पद समायोजन गर्ने ।
- विद्यालय शिक्षक तथा कर्मचारीले पाउने दुर्गम भत्ता, महँगी भत्ता तथा ग्रेड वृद्धि तथा समायोजनलगायत सुविधा समावेश गर्ने ।
- सार्वजनिक विद्यालयको व्यवस्थापन समितिमा अभिभावकको बाहुल्य हुने गरी संख्या निर्धारण गरी संरचना तोक्ने ।
- सम्बन्धित स्थानीय तहभित्र शिक्षक तथा प्रधानाध्यापकको सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिको सहमतिमा गर्ने ।
- न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा कोषमा आबद्धतालगायत सुविधा र सरकारी निकायमा अभिलेख व्यवस्थापन गर्ने ।
- संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीका विषयमा संयन्त्र बनाउने र संयन्त्रमा शिक्षक तथा कर्मचारीको पेसागत संस्थाको प्रतिनिधित्व गराउने ।
- शिक्षकले शिक्षा नियमावली, २०५९ बमोजिम पाइरहेको उपचार खर्चको व्यवस्थालाई समावेश गर्ने ।
- सम्बन्धित स्थानीय तहभित्र शिक्षक तथा प्रधानाध्यापकको सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिको सहमतिमा गर्ने ।
- कार्यसम्पादन मूल्यांकन गर्दा शिक्षकको हकमा प्रधानाध्यापकको संयोजकत्वमा र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्नेलगायत ।

■ मुख्य न्यायाधिवक्तालाई अनलाइनबाटै पेसीको सूचना

विशेष प्रकृतिका निवेदन अनलाइनबाटै दर्ता हुने

नयाँ पत्रिका

सर्वोच्च अदालतले सातै प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयहरूलाई पेसीको सूचना दिने प्रणालीको प्रारम्भ गरेको छ । मंगलबार प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले यसको सुरुवात गरे ।

मुद्दा व्यवस्थापनका अधिकांश कार्य एकीकृत मुद्दा व्यवस्थापन प्रणाली र यसका मोड्युलबाट गर्ने गरी व्यवस्था मिलाइएकोमा त्यसमा नयाँ नयाँ सेवा थप्दै गएको प्रवक्ता अच्युत कुइँकेलले जानकारी दिए । हालसम्म महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ता कार्यालयलाई समेत पेसीको सूचना म्यानुअल विधिबाट दिने गरिएकोमा यसलाई अनलाइन गरिएको हो । 'यसबाट श्रम र स्रोत-साधन कम लाग्ने भयो । मुद्दाको सुनुवाइ प्रक्रिया पनि छोटिन्छ,' कुइँकेलले भने । बिस्तारै यसलाई सरकारी वकिल र कारागार कार्यालयसम्म विस्तार गर्ने तयारीमा सर्वोच्च रहेको उनको भनाइ छ । महान्यायाधिवक्ताको कार्यालयलाई भने गत १ जेठबाटै अनलाइन पेसीको सूचना दिने गरिएको थियो ।

सर्वोच्चले केही विशेष प्रकृतिका निवेदन अनलाइनबाटै दर्ता गर्ने प्रणालीसमेत प्रयोगमा ल्याएको छ । गत १ जेठबाटै रिटहरू अनलाइन दर्ता गरिए पनि सेवाग्राहीको सुझावअनुरूप केही परिमार्जन र स्तरोन्नति गरिएको प्रवक्ता कुइँकेलले जानकारी दिए । पूर्ण रूपमा सुधार गरी यसलाई विस्तार गर्ने तयारी भइरहेको छ । 'अहिले इवालेट र कनेक्ट आइपिएसबाट रिट दर्ता शुल्क बुझाउन सकिन्छ । बिस्तारै अन्य मुद्दा र उच्च तथा जिल्ला अदालतमा पनि यो प्रणाली विस्तार गर्छौँ,' उनले भने ।

यसैगरी, विशेष प्रकृतिका निवेदनको हकमा पनि अनलाइन दर्ता प्रणाली विकास गरिएको छ । विवाह दर्ताको निवेदन, अधिकृत वारेसनामा प्रमाणितका लागि दिइने निवेदन, संरक्षक नियुक्ति, संरक्षक प्रमाणित, माथवर नियुक्ति वा प्रमाणितसम्बन्धी निवेदन दर्ता गर्न सकिनेछ । साथै, मृत्युको न्यायिक घोषणा, घोषणा संशोधन वा बदर, धर्मपुत्री वा धर्मपुत्री राख्ने अनुमतिसम्बन्धी निवेदन, गुठी सञ्चालक नियुक्तिका लागि निवेदन, प्राकृतिक व्यक्तिको दामासाहीसम्बन्धी निवेदन अनलाइनबाटै दर्ता हुने भएको हो । दर्ता सेवा लिन कानुन व्यवसायी, ल फर्म वा व्यक्तिले आवश्यक कागजातसहित प्रणालीमा आफूलाई प्रयोगकर्ताका रूपमा दर्ता गराउनुपर्ने हुन्छ । सबै कागजात रुजु गरी अदालतका प्रयोगकर्ताले युजर आइडी र पासवर्ड उपलब्ध गराउँछन्, जसको प्रयोग गरी निवेदन दर्ता गराउन सकिन्छ ।

अदालतले अनलाइनबाट दर्ता हुन निवेदन परेका कागजात जाँच गरी योग्य भए नभएको हेर्ने तथा कागजात अपुग भए थप कागज अनलाइनबाटै माग्ने गर्छन् । प्रक्रिया पूरा गरेपछि आवश्यक शुल्क अनलाइनबाटै भुक्तानी गरी दर्ता भएको सूचना प्रयोगकर्तालाई पठाइने गरेको छ । सिस्टमबाटै दर्ता भएका निवेदनको हकमा केही अप्ठ्यारो भए सहयोगका लागि हरेक अदालतमा सहजीकरण कक्ष सञ्चालनमा ल्याइएको छ । यसअघि पछिल्लो समय अदालतहरूले पेसीको सूचना अनलाइनबाट प्राप्त गर्ने, एसएमएसबाट पेसीको जानकारी दिने, श्रव्यदृश्यबाट सुनुवाइ, स्वचालित साप्ताहिक तारेख पेसी प्रणाली, अनलाइन पेसी प्रणालीजस्ता कुराको सुरुवात गरिरहेको छ ।

निजामती विधेयकमा अन्तिम रस्साकस्सी

विवादित विषय टुंग्याएर बुधबार प्रतिवेदन बुझाउने उपसमितिको तयारी

काठमाडौं/ संघीय निजामती विधेयक संसदीय समितिमा निर्णायक विन्दुमा पुगेको छ । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा यो विधेयकउपर अन्तिम रस्साकस्सी जारी छ । विवादित विषय टुंग्याएर प्रतिवेदन पेस गर्न गठित उपसमितिले बुधबार प्रतिवेदन बुझाउने तयारी गरेको छ ।

विधेयकका व्यवस्थाबारे विभाजित मतका कारण छलफल लम्बिएपछि पेचिला विषय टुंग्याउन कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूको संयोजकत्वमा राज्य व्यवस्थाले उपसमिति बनाएको थियो । विधेयकमा दफावार छलफल गर्न समितिले ९ फागुनमा उपसमिति गठन गर्ने निर्णय गरेको थियो । बडूको संयोजकत्वमा ११ सदस्यीय उपसमितिलाई विधेयकउपर सहमति जुटाएर प्रतिवेदन पेस गर्न एक महिनाको समयसीमा तोकिएको थियो । उपसमितिलाई एक महिनाको कार्यादेश तोकेर दिएको बुधबार अन्तिम दिन हो । निर्धारित समयभित्रै प्रतिवेदन पेस गर्ने गरी यसका विवादित विषयमा अन्तिम सहमति जुटाउने तयारी छ ।

दफापिच्छे छलफल गरी सरोकारवाला र विज्ञसहितको राय तथा धारणा लिएर समितिले विधेयक टुंग्याउने प्रयास गरेको छ । यद्यपि, समितिले छलफलका क्रममा प्रमुख १४ वटा विषयलाई केन्द्रित गरेको थियो । त्यसमा तीनै तहमा तहगत प्रणालीमा जान सकिने/नसकिने वा यसको व्यवस्थापनबारे, उपसचिव र सहसचिवमा खुला प्रतियोगिताबारे, कार्यरत कर्मचारीले यसको मौका पाउने-नपाउनेबारे, आन्तरिक प्रतिस्पर्धा, अन्तरसेवा र अन्तरतह तथा सरुवाबढुवा व्यवस्थापनको स्पष्टताबारे, स्वास्थ्य सेवा र संसद् सेवालाई निजामतीमा समावेश गर्ने-नगर्नेबारे लगायत छन् । त्यस्तै, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघबाट, प्रदेशबाट वा स्थानीय सेवाबाटै पदपूर्ति गर्नेलगायतका विषय पनि उपसमितिले औँल्याएको थियो ।

थाइल्यान्ड जाँदै प्रधानमन्त्री ओली

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले १९ चैतमा थाइल्यान्डको औपचारिक भ्रमण गर्ने भएका छन् । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक)को छैटौँ शिखर सम्मेलनमा सहभागी हुने क्रममा प्रधानमन्त्रीको भ्रमण औपचारिक बनाउन लागिएको हो । नेपालबाट प्रधानमन्त्रीको थाइल्यान्ड औपचारिक भ्रमण पहिलोपटक हुन लागेको हो ।

थाइल्यान्डका प्रधानमन्त्री फेथोङ्थान सिनावातको निमन्त्रणा प्रधानमन्त्री ओली बैंकक जान लागेका छन् । नेपालका लागि थाइल्यान्डका राजदूत सिरिसोर्नले मंगलबार प्रधानमन्त्री ओलीसँग शिष्टाचार भेट गरेका छन् । 'प्रधानमन्त्रीज्यूको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधिमण्डल थाइल्यान्डको भ्रमणमा जाने कार्यक्रम छ । भ्रमणको विस्तृत विवरण बुधबार सार्वजनिक गर्छौं,' परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले भने । बिमस्टेकको छैटौँ शिखर सम्मेलन २०-२२ चैतमा हुनेछ । प्रधानमन्त्री ओलीसहित शीर्ष नेताले २१ चैतमा सम्बोधन गर्ने कार्यक्रम छ ।

बिमस्टेक सम्मेलन सकिएपछि २२ चैतमा प्रधानमन्त्री ओलीको थाइल्यान्डमा औपचारिक एवं शीर्ष भेटवार्ता हुनेछ । ओलीले समकक्षी फेथोङ्थान सिनावातसँग द्विपक्षीय औपचारिक वार्ता गर्ने कार्यक्रम छ ।

ठेक्का आह्वानको सूचना प्रकाशित गर्दा साढे ६ लाख भ्रष्टाचार

सावनकुमार चौधरी

बृजकुमार यादव

काठमाडौं/ गाउँपालिकाको ठेक्का आह्वानको सूचना पत्रिकामा प्रकाशित गर्दा साढे ६ लाख भ्रष्टाचार भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । धनुषाको बटेश्वर गाउँपालिकाका वडाहरूमा स्वास्थ्य चौकी भवन र डिप बोरिङ तथा डिप बोरिङ हाउस निर्माणका क्रममा बोलपत्र आह्वान तथा स्वीकृति गर्दा त्यसका लागि पत्रिकामा छापिएको सूचना तथा भुक्तानीमा भ्रष्टाचार भएको अख्तियारको दाबी छ ।

गाउँपालिकाले आव ०७६/७७ मा विभिन्न वडामा स्वास्थ्य केन्द्र निर्माण, डिप बोरिङ र डिप बोरिङ हाउस निर्माणका लागि ठेक्का लगाएको थियो । ठेक्काको बोलपत्र आह्वानको सूचना र बोलपत्र स्वीकृतको सूचना सार्वजनिक खरिद ऐनबमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । तर, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सावनकुमार चौधरी र लेखा हेर्ने छैटौँ तहका अधिकृत सुमनकुमार पुरीले जनकपुर टुडे मिडिया ग्रुप प्रालिका अध्यक्ष बृजकुमार यादवसँग मिलेमतो गरे । बोलपत्र आह्वानको सूचना र बोलपत्र स्वीकृतिको सूचना लुकाइछिपाई, सार्वजनिक रूपमा सूचना प्रकाशन नगरी गाउँपालिकाको कार्यालयमा ठेक्काको अभिलेख राख्ने प्रयोजनका लागि मात्र पत्रिका निकालियो ।

मिलेमतोमा २४ माघ ०७६ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वानको सूचना प्रकाशित गरियो । तर, पत्रिका एक प्रति मात्र निकालियो । त्यस्तै, ३ चैत ०७६ मा पनि यस्तै गरी एक प्रति मात्र पत्रिका निकालेर त्यसमा बोलपत्र स्वीकृतको सूचना प्रकाशित गरियो । त्यही एक प्रति पत्रिका गाउँपालिकामा पेस गरेर भुटा विवरणसहितको पत्रिकाको आधारमा भुक्तानी दाबी गरिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । बोलपत्र आह्वान र स्वीकृतिको सूचना छापेपछि जनकपुर टुडे मिडिया ग्रुप प्रालिको बिलबाट ६ लाख ४४ हजार एक सय रुपैयाँ दाबी गरिएको थियो । पत्रिकाको बिलबाट माग गरेबमोजिम गाउँपालिकाले भुक्तानी दियो ।

सरकारले फेरि भूमिसम्बन्धी अध्यादेश अघि बढाउने

काठमाडौं/ सरकारले भूमिसम्बन्धी अध्यादेश फेरि अघि बढाउन खोजेको छ । जसपा नेपाल र लोसपाको विरोधपछि 'होल्ड' भएको विधेयक फेरि अगाडि बढाइने भएको हो । सरकारले जारी गरेका ६ मध्ये अन्य पाँच अध्यादेश अघि बढे पनि भूमि अध्यादेश 'होल्ड' भएको थियो । भूमि अध्यादेशबारे छलफल गर्न प्रधानमन्त्री केपी ओलीले सत्तारूढ दलका शीर्ष नेताहरूलाई मंगलबार बालुवाटारमा बोलाएका थिए । तर, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव उपस्थित नभएपछि बैठक एजेन्डामै प्रवेश गर्न सकेन । अध्यादेश स्वीकृतिका लागि राष्ट्रिय सभामा जसपा नेपाल निर्णायक छ ।

बैठकमा प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, जसपा अध्यक्ष अशोक राई, जनमत पार्टीका अध्यक्ष सिके राउत, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ, लोसपा अध्यक्ष महन्थ ठाकुरलगायत उपस्थित थिए । यादवले कार्यव्यस्तताका कारण बैठकमा उपस्थित हुन नसक्ने सन्देश पठाएका थिए । 'बुधबार सदनमा कसरी प्रस्तुत हुने भन्ने विषयमा छलफल गर्ने एजेन्डा थियो । आज एजेन्डामा प्रवेशै गरेन । चिया खाएर निस्कियौँ,' श्रेष्ठले नयाँ पत्रिकासँग भनिन् । बैठकमा अन्य विषयमा छलफल नभएको उनले बताइन् । बैठक बुधबार बिहान पनि बस्ने भएको छ ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/१२/१३ गते

यस माछापुच्छ्रे बैंक लि. को विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको बिनाधितोमा प्रवाहित विभिन्न कर्जाहरुको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखतको शर्त अनुसार ऋणी तथा जमानीकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानुनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

तपसिल

क्र.सं.	ऋणी तथा जमानीकर्ताको नाम	बाबु/पतिको नाम	बाजे/ससुराको नाम	नागरिकता नं.	नागरिकता जारी मिति	नागरिकता जारी जिल्ला	ठेगाना	शाखा कार्यालय	कर्जा शीर्षक
१.	ऋणी : राम भाई के.सी.	बाबु : मेघ बहादुर के.सी.	बाजे : खडक बहादुर के.सी.	२०४०	२०४४/१२/१२	काठमाडौं	काठमाडौं जिल्ला, शंखरापुर न.पा. वडा नं. ४	दुलेगौडा	एमबिएल सेलरी प्याकेज लोन
	जमानीकर्ता : नर्वदा खडका के.सी.	पति : राम भाई के.सी.	ससुरा : चक बहादुर तामाङ	४७९४५	२०४७/०२/१५	ललितपुर	काठमाडौं जिल्ला, शंखरापुर न.पा. वडा नं. ४		
२.	ऋणी : सन्त चौधरी	बाबु : पलट चौधरी	बाजे : जय बहादुर खाव	१३६०/१४९९	२०६०/१०/२२	बारा	बारा जिल्ला, पचरौता न.पा. वडा नं. ८	दुलेगौडा	एमबिएल सेलरी प्याकेज लोन
	जमानीकर्ता : भगवती देवी चौधरी	पति : सन्त चौधरी	ससुरा : पलट चौधरी	३३१०२६/४१०७	२०६७/०२/२७	बारा	बारा जिल्ला, पचरौता न.पा. वडा नं. ८		

क्र.सं.	ऋणी तथा धितोको विवरण	प्रोप्राईटर एवं व्यक्तिगत जमानीकर्ता		शाखा कार्यालय	कर्जा शीर्षक
३.	**ऋणी :** नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता नं. १५३६८८/०७६/७७ अन्तर्गत मिति २०७६/१०/२२ मा दर्ता कायम भएको **ए सा किराना पसल ।** पान नं. ६११९१८८८६, दर्ता मिति : २०७६/०५/२६ ठेगाना : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ **धितो :** उल्लेखित ऋणीले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।	**१. मार्थालायो मगर (प्रोप्राईटर)** ना.प्र.नं. ३११०१८/८२८१७, जि.प्र.का. मकवानपुर जारी मिति : २०६८/०१/२१ पति : हरी बहादुर लायो मगर ससुरा : वीर बहादुर लायो ठेगाना : मकवानपुर जिल्ला, सरिखेत न.पा./गा.वि.स. वडा नं. ७ हाल : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५	**२. हरी बहादुर लायो मगर** ना.प्र.नं. ३३/१८७, जि.प्र.का. मकवानपुर जारी मिति : २०५४/०७/०३ बाबु : वीर बहादुर लायो बाजे : भीम बहादुर लायो ठेगाना : मकवानपुर जिल्ला, सरिखेत न.पा./गा.वि.स. वडा नं. ७ हाल : काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५	बौद्ध	महिला उद्यमी सहुलियतपूर्ण कर्जा
४.	**ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता नं. २२२३४/०७७/०७८ अन्तर्गत मिति २०७७/११/२३ मा दर्ता कायम भएको **आदित्य मुना फेन्सी कलेक्शन ।** पान नं. ६१५४२३५११, दर्ता मिति : २०७७/११/२३ ठेगाना : कास्की जिल्ला, पोखरा वडा नं. ९ **धितो :** उल्लेखित ऋणीले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।	**१. मुना ढकाल (भुजेल) (प्रोप्राईटर)** ना.प्र.नं. ४६१०२३/५३, जि.प्र.का. कास्की जारी मिति : २०६४/०७/२० पति : केशव बहादुर भुजेल ससुरा : रत्न बहादुर (घर्ती) भुजेल ठेगाना : कास्की जिल्ला, सल्यान गा.वि.स. वडा नं. २	**२. केशव बहादुर भुजेल** ना.प्र.नं. ७८४५०, जि.प्र.का. कास्की जारी मिति : २०५५/०९/१६ बाबु : रत्न बहादुर (घर्ती) भुजेल बाजे : दल बहादुर भुजेल ठेगाना : कास्की जिल्ला, सल्यान गा.वि.स. वडा नं. २	पोखरा	महिला उद्यमी सहुलियतपूर्ण कर्जा

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

CamScanner

यौन व्यवसायको चर्चा र कानुनी अवस्था

कानुनको मौनता तथा सर्वोच्च अदालतको आदेशसमेत हेर्दा नेपालमा यौन व्यवसाय कानुनी रूपमा वैध पेसा नै रहेको बुझ्न सकिन्छ

● सुजन पन्त

अग्रलेख

हालै संसद्मा कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले नेपालमा यौन व्यवसाय खुला गर्नुपर्छ भनी दिएको अभिव्यक्ति र त्यसपछि निजले संसद्मै माफी माग्नुपर्ने गरी विकसित घटनाक्रमले नेपालमा यौन व्यवसाय फेरि एकपटक चर्चामा आएको छ। नेपालमा यौन व्यवसायबारे बोल्ने 'हाई प्रोफाइल' नेता घिमिरे मात्र होइनन्। केही वर्षपहिल्यै तत्कालीन गण्डकी प्रदेशका मुख्यमन्त्री छँदा हालका बहालवाला सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङको पोखरामा यौन व्यवसाय खुला गरी कर आर्जन गर्न सकिने भन्ने अभिव्यक्तिले ठुलै चर्चा पाएको थियो। तसर्थ, नेपालमा यौन व्यवसायको चर्चा वेलाबखत पेचिलो राजनीतिक विषय बन्दै आएको छ। राज्यको त्यो तहमा प्रवेश पाएको अधिकारको यति संवेदनशील बिषयले सकारात्मक मोड लिनुपर्नेमा त्यो हुन नसक्नु आफैँमा दुःखद छ।

नेपालमा यौनकर्मी या यौन व्यवसायीजस्ता शब्द या पदावली भेटिए पनि वेश्यावृत्ति, वेश्यागमन, देहव्यापारलगायत कानुनी र सामाजिक वृत्तमा सुनिने शब्दले यौन व्यवसायलाई मर्यादित बनाउने वा पहिचान दिलाउने काम गर्दैनन्। ल्याटिन भाषाको 'प्रस्टिच्युटो' शब्दबाट बनेको 'प्रस्टिच्युसन' शब्दको ठ्याक्कै यही अर्थ हो भन्ने छैन। तथापि, आफ्नो शरीर यौनजन्य कार्यका निम्ति पैसा लिएर अरूसामु सुम्पिनुलाई यौन व्यवसाय भनिने सर्वमान्य बुझाइ पाइन्छ। नेपालमा प्रचलित कानुनमा यौन व्यवसायमा लगाएमा भन्ने भाषा प्रयोग भएको हेर्दा स्वस्फूर्त रूपमा हुने यौन व्यवसायलाई बन्देज गरेको भनेर बुझिनुहुँदैन र मिल्दैन पनि। सीधा अर्थमा भन्दा नेपालमा यौनकर्मीको मुद्दा न राज्यको चासोको विषय बनेको छ, न त यस विषयमा उतिसारो छलफल गर्न नै कोही चाहन्छ। कोही कसैले यो विषय उठाइहालेमा अनेकन् आक्षेप लाग्ने र तारो बनिने भएकाले पनि परापूर्वकालदेखि धर्म, संस्कृति र समाजको नाममा हाम्रै समाजको सत्य तथा ओझेलमा परेको एवं धेरै चर्चा नहुने तैँ चुप मैँ चुपको विषय बनेको छ, यौन व्यवसाय। यौन व्यवसाय न कुनै भूगोलको मात्र विषय हो, न त कुनै लिंग, वर्ण या वर्गको मात्र। विकसित पेरिस होस् या न्युयोर्क, किभ होस् या बैंकक, कलकत्ता होस् या रियो दि जेनेरियो, यस्ता बिरलै ठाउँ छन्, जहाँ यौन व्यवसाय अस्तित्वमा नरहेको होस्। यौन व्यवसाय विश्वको सबैभन्दा पुरानो पेसा हो। यसलाई समाजको आवश्यक शत्रुका रूपमा बुझिँदै र हेरिँदै आएको पक्का हो।

विश्वपरिवेशमा हेर्दा यौनव्यवसायलाई हेर्ने दुइटा दृष्टिकोण प्रचलित रहेको देखिन्छ। कतिपय देशले यौन व्यवसायलाई कानुनी मान्यता दिई त्यसलाई राज्य संयन्त्रमार्फत नियन्त्रण वा नियमन गर्ने गरेका छन् भने कतिपय देशले यसलाई गैरकानुनी बनाउँदै अपराधीकरणसमेत गरेका छन्।

नेदरल्यान्डले यौन सहायताअन्तर्गत यौन सहयोगी राख्ने व्यवस्था गरेको देखिन्छ। नेदरल्यान्डको यौन व्यवसायप्रतिका उदारताका कारण कतिपय देशबाट यौन पर्यटक यही सुविधा लिन त्यहाँ पुग्ने गर्छन्। नेदरल्यान्डको जस्तै जर्मनीले पनि यौन सहयोगी राख्ने व्यवस्था गरेको छ, तर शरीर छुन पाइने भए पनि यौनकार्य गर्न भने छुट छैन।

स्विट्जरल्यान्डले अलि फरक किसिमको 'ड्राइभ इन' यौन व्यवसायलाई मान्यता दिएको छ। जहाँ तोकिएको निश्चित ठाउँमा साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म यौनकर्मीका साथ ग्राहकलाई यौनकार्य गर्न छुट दिइन्छ। अस्ट्रियामा 'मेगा ब्रोथेल्स'का रूपमा ठुल्ठुला भवनमा यौन व्यवसाय सञ्चालन गर्न छुट दिइएको छ।

इरानमा अस्थायी विवाहमार्फत यौनकार्य गर्न छुट छ भने चीनमा यौनदासी राख्ने व्यवस्था भेटिन्छ। बेलायतमा 'इस्कर्ट' सुविधा छ भने आइभेरिकोस्टमा उमेर नपुगेका किशोरीलाई गुरुहरूले नै यौनकार्य गर्न छुट दिने व्यवस्था देखिन्छ। जापानमा यौन व्यवसाय गैरकानुनी छ भने क्यानडामा केही हदसम्म छुट छ। थाइल्यान्ड र ब्राजिलमा यौन व्यवसायलाई कानुनी मान्यता नभए पनि उनीहरूको अर्थतन्त्रको ठुलो हिस्सा यसै व्यवसायले धानेको हुँदा राज्य मौन बसेको देखिन्छ। यसरी सरसर्ती हेर्दा यौन व्यवसायलाई हेर्ने विश्वका देशहरूका आफ्नै दृष्टिकोण छन्। यी केही देशका कानुन हेर्दा यौन व्यवसायलाई तीन किसिमबाट सम्बोधन गरेको देखिन्छ- गैरकानुनी, कानुनी र अर्धकानुनी।

नेपालमा यौन व्यवसायबारे कानुनी मौनता रहेको देखिन्छ। तसर्थ, नेपालमा यौन व्यवसाय वैध छ कि अवैध भन्नेबारे सबैको फरक-फरक धारणा पाइन्छ। कानुनमा स्पष्टता नहुँदा नेपालमा यौन व्यवसाय वैधानिक रहेको भन्ने नै देखिन्छ। नेपालमा यौन व्यवसायबारे महिलावादीबिच पनि विवाद रहेको पाइन्छ। एकथरी यौन व्यवसाय 'लिगलाइज' हुनुपर्छ, यसले पहिचानको सुनिश्चितता तथा मार्यादित बनाउँछ भन्ने धारणा राख्छन्। 'आफ्नो शरीर आफ्नो अधिकार' भन्नेहरू स्पस्ट कानुन बनाएर यौन व्यवसाय सञ्चालन गरिनुपर्छ भन्ने मान्यता राख्छन्।

अर्काथरी महिलालाई सामान/साधन या 'कमोडिटी'का रूपमा हेर्ने हुँदा यौन व्यवसायले महिला हिंसालाई बढावा दिने र प्रतिष्ठामा आँच आउने हुँदा यस्तो व्यवसायलाई पूर्णतः अपराधीकरण गरिनुपर्ने वकालत गर्छन्। दोस्रो धार हाबी हुँदा हालसम्म कानुनमै यौन व्यवसायबारे राज्यले व्यवस्था गर्न नसकेको देखिन्छ।

नेपालमा यौन व्यवसायको कानुनी मुद्दा सन् नब्बेको दशकमा एचआइभी/एड्सको वकालत प्रारम्भ भएसँगै सुरु भएको हो। राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले यौन व्यवसायीको तथ्यांक संकलन गर्ने र आवश्यक स्वास्थ्यसम्बन्धी परामर्शलगायत कार्य गर्दै आएको पृष्ठभूमि तथा कानुनमा मौनता साधिएको हुँदा नेपालमा यौन व्यवसायमाथि बन्देज नै लगाएको भन्ने अवस्था देखिन्न। तथापि, स्वास्थ्य र गृह मन्त्रालयबिच तालमेल नहुँदा यौन व्यवसायी खुलेर आउन सक्ने कानुनी वातावरण भने देखिन्न। अर्कातर्फ सामाजिक हेला र विभेदका कारणसमेत यौनकर्मीले खुल्न सक्ने अवस्था भने देखिन्न।

> मुलुकी अपराध संहिता २०७४ को दफा २१३ को जबर्जस्ती वेश्यावृत्तिमा लगाउने कार्य अपहरण र शरीर बन्धक मानिने भन्ने व्यवस्थासमेतलाई हेर्दा नेपालमा जबर्जस्ती यौनकार्यमा लगाउनु गैरकानुनी भए पनि स्वस्फूर्त गरिने यौन व्यवहार र व्यवसायलाई अवैधानिक भन्न मिल्दैन

नेपालमा कानुनी रूपमा यौनकर्मी महिला र अन्य महिलालाई समान प्रकारको कसुरमा अपराधीलाई पीडितको पेसा र चरित्रलाई आधार मानी कम र बढी सजाय गर्ने व्यवस्था संविधान एवं महिला तथा मानव अधिकारसम्बन्धी भावना तथा न्यायका मान्य सिद्धान्तविपरीत हुने भनी सम्मानित सर्वोच्च अदालतबाट १९ वैशाख ०५९ मा आदेश भएको छ। यसले यौनकर्मी महिला र अन्य महिलामाथि हुने बलात्कारमा सजायको विभेद हटाएर यौनकर्मीलाई पेसाकै आधारमा विभेद गर्न पाइँदैन भनी अप्रत्यक्ष रूपमा यौन व्यवसायलाई मान्यता दिएको देखिन्छ। यस फैसलाले महिलाबिचको विभेदलाई मात्र नहेरी यसलाई यौन व्यवसायीसमेत समाजको हिस्सा रहेको र पेसा नै भएको भनी मान्यता दिएको भनेरसमेत बुझ्नुपर्छ।

यौन व्यवसायबारे कानुनको मौनता तथा सर्वोच्च अदालतको आदेशसमेतलाई हेर्दा नेपालमा यौन व्यवसाय कानुनी रूपमा वैध पेसा नै रहेको बुझिनुपर्छ। मुलुकी ऐन २०२० मा जिउमास्ने बेच्नेको महलअन्तर्गत जबर्जस्ती यौन व्यवसायमा लगाउन र बेचबिखन गर्न रोक लगाइएको तथा २०४३ को मानव बेचबिखन ऐनले पनि वेश्यावृत्तिबारे उल्लेख नगरेको र महिलालाई वेश्यावृत्ति गराउने उद्देश्यले बेचबिखन गरेमा भन्ने आशयको व्यवस्था समेतलाई हेर्दा स्वस्फूर्त यौन व्यवसायमा लाग्ने कार्य कानुनतः अपराध नभएको बुझ्न सकिन्छ।

हाल प्रचलनमा रहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (१) (ख)मा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ (१) (घ) मा वेश्यागमन गर्ने कार्य गरेमा मानव बेचबिखन गरेको मानिनेछ भनी व्याख्या गरेको पाइन्छ। सोही दफाको २(ख) ले वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाकधम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँ वा विदेश लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ भनी व्याख्या गरेको पाइन्छ।

साथै, मुलुकी अपराध संहिता २०७४ को दफा २१३ को जबर्जस्ती वेश्यावृत्तिमा लागउने कार्य अपहरण र शरीर बन्धक मानिने भन्ने व्यवस्थासमेतलाई हेर्दा नेपालमा जबर्जस्ती यौनकार्यमा लगाउनु गैरकानुनी भए पनि स्वस्फूर्त गरिने यौन व्यवहार र व्यवसाय अवैधानिक हो भनी बुझ्न मिल्दैन।

संहिताकै दफा ११९ ले वेश्यागमनको प्रचार गर्न नहुने तथा दफा १२० ले वेश्यावृत्ति वा वेश्यागमनका लागि घरजग्गा जानीजानी प्रयोग गर्न दिनेलाई सजाय गर्ने प्रावधान राखे पनि यसले समग्र वेश्यावृत्तिलाई निस्तेज गरेको भनेर बुझिनुहुन्न। मात्र वेश्यागमनलाई गैरकानुनी भनिए पनि वेश्यागमनको व्याख्या नभएको तथा सजाय पनि निकै कम तीन महिनासम्म कैद हुने भनि लचकता अपनाइएको तथा सोही अपराध संहिताकै अभद्र व्यवहार शीर्षकमा सोही ऐनसरह हाल प्रहरीले कारबाही गर्ने गरेको र अभद्र व्यवहार यौन व्यवसाय मात्र नभई सामान्य कानुनसरह प्रयोग हुने हुँदा नेपालमा यौन व्यवसायमा कानुनी 'भ्याकुम' रहेको देखिन्छ।

प्रहरीले पनि कानुन अभियोजनमा स्वस्फूर्त यौनकार्यमा यो ऐनभन्दा पनि हाल खारेजमा परेको केही सार्वजनिक कसुर सजाय ऐन २०२७ को सार्वजनिक स्थानमा हुलहुज्जत गरेको भन्ने अभियोग लगाई निजी ठाउँमा गरिने यौनजन्य कार्यलाई समेत नियन्त्रण गर्ने प्रयास गरेको देखिए पनि यसलाई यौन व्यवसाय नै गैरकानुनी भनी बुझ्नु भने हुन्न। नेपाल पक्ष राष्ट्र भएको मानव अधिकारका सन्धि-सम्झौताबाट सिर्जित दायित्व तथा नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ ले पेसाको स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा २४ ले पेसाका आधारमा भेदभावविरुद्धको हक, धारा २८ ले गोपनीयताको हक समग्रमा संवैधानिक उपचारको हक नै सुनिश्चितता गरिसकेको अवस्थामा उमेर पुगेका दुई व्यक्तिबिचको सहमतिमा हुने कुनै पनि कार्यलाई राज्यले नियन्त्रण वा कारबाही गरिनुहुन्न र मिल्दैन पनि। तसर्थ, राज्यले उचित सम्बोधन गरी मानव अधिकार सुनिश्चित गरिदिनुपर्ने विषयमाथि स्वार्थप्रेरित राजनीति गरिनु नेपालजस्तो देशमा शोभनीय हुँदैन।

(मानव अधिकारकर्मी पन्त अधिवक्ता हुन्)

---

३ प्रश्न

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता **मनीष झा**लाई

कुलमान घिसिङलाई पदबाट हटाउने सरकारको निर्णयले के संकेत गरेको छ ?

वर्तमान सरकारलाई देश र जनताको भविष्य, व्यवस्थापकीय क्षमता तथा संस्थागत प्रणालीको विकासभन्दा व्यक्तिगत इगो बढ्ता प्यारो देखियो। यो नै नेपालको सबैभन्दा ठुलो समस्या पनि हो। राज्य सञ्चालकहरूले संस्थाहरूलाई बलियो बनाउन नचाहेका कारण अत्यावश्यक र सम्भावनाअनुरूप प्रगति हुन नसकेको हो। सरकारले गर्न नसकेको या चाहेको संस्थागत विकास एउटा व्यक्तिले गर्न खोज्दा ऊमाथि सरकारले आफ्नो राजनीतिक इगोको प्रहार गरेको छ। यसरी त 'इन्टिच्युसनल' विकास कसरी सम्भव होला र ?

यसले जनस्तरमा देखिइरहेको असन्तोष र आक्रोशमा घिउ थप्न सक्ने सम्भावना कति देख्नुहुन्छ ?

पक्कै पनि थप्छ। म यो देशमा किन बस्ने ? मेरो भविष्य के हुन्छ ? म कति सुरक्षित छु ? जस्ता आमयुवामा उठ्ने प्रश्नको जवाफ कामले दिनुपर्ने समयमा सरकार उल्टो बाटो हिँडिरहेको छ। सरकार युवामा आशा जगाएर स्वदेशमै रोक्नुको साटो भएकालाई पनि लखेट्ने योजनामा देखिन्छ। मैले केही अघि प्रधानमन्त्रीज्यूलाई संसद्मा तपाईंहरू 'राइट पर्सन इन राइट प्लेस' गर्न छाडेर किन 'माई पर्सन इन अल प्लेस' गरिरहनुभएको छ ? भनेर प्रश्न गरेको थिएँ। उहाँले हामीले त्यस्तो कहींकतै गरेका छैनौं भन्नुभएको थियो। अहिले प्राधिकरण प्रकरणमा उहाँले आफ्नो जवाफलाई झुटो साबित गरिदिनुभएको छ।

सरकार राम्रो काम गर्नेलाई पुरस्कृत गर्न छाडेर दण्डित गर्न किन अघि सरिरहेको होला ?

सरकारमा रहेका जिम्मेवार व्यक्तिहरू आफूभन्दा बढी क्षमता, योग्यता र जनसमर्थन भएका मानिसलाई देख्नै सक्नुहुन्न। आफूभन्दा कम क्षमता भएकालाई सल्लाहकार राख्ने, आफ्ना भाइभतिजा या सालासालीलाई स्वकीय राख्नेहरूले राम्रो सल्लाह दिने र राम्रो काम गर्नेलाई देखिसहन्नन्। अहिले प्राधिकरणमा भएको पनि त्यही हो।

प्रेरक प्रसंग

पढाइको रहर

धेरै पहिलेको कुरा हो। अमेरिकाको एउटा गाउँमा एक गरिब परिवार बस्थ्यो। परिवारमा बुबा, आमा र एक छोरा थिए। उनीहरूका दुई छोरा र एक छोरी थिए। उनीहरूमध्ये जेठा छोरा बुबाआमाको काममा सघाउँथे। उनी पढ्न चाहन्थे। उनमा पढ्ने तीव्र चाहना थियो। तर, त्यसका लागि एकातिर उनको गाउँको नजिकमा कुनै स्कुल थिएन। अर्कातिर उनका गरिब बाबुआमासित छोरालाई पढाउने खर्च पनि थिएन। त्यसैले ती बालकको चाहना पूरा हुन सकिरहेको थिएन।

ती बालक दिनमा जंगलमा गएर दाउरा काट्ने, खेतीपाती गर्नेजस्ता सबै काम गर्थे। उनी आफ्नो काममा सन्तुष्ट पनि थिए। तर, पढ्न नपाउँदा उनलाई असाध्यै दुःख लागिरहेको थियो। एक दिन उनले गाउँदेखि १० माइल टाढाको सहरमा एउटा पुस्तकालय भएको र त्यहाँबाट किताब ल्याएर पढ्न सकिने थाहा पाए। त्यसपछि उनी हरेक दिन पैदल हिँडेर त्यति टाढाको पुस्तकालयमा पुगी किताब ल्याउने र दिनमा जंगलमा गएर दाउरा काट्ने कामलाई निरन्तरता दिन थाले। उनी रातमा त्यही दाउरा बालेर त्यसको उज्यालोमा पढ्ने गर्थे। यसरी पढ्दै जाँदा उनको पढाइमा सुधार हुँदै आयो। उनी एकपटक पढेको कुरा हत्तपत्त बिर्सिँदैनथे। उनले बिस्तारै छरछिमेकतिरका घरमा भएका नयाँ-पुराना सबै पुस्तक पढेर सिध्याए। पढ्नका लागि जे सामग्री भेट्थे, उनी तत्कालै त्यसलाई पढिभ्याउँथे।

यसरी पढ्दै जाँदा तिनै बालक एक सफल वकिल बने। वकिल बनेपछि दीनदुःखीका पक्षमा वकालत गर्दागर्दै उनी अमेरिकाका १६औँ राष्ट्रपतिसमेत बन्न पुगे। ती बालक थिए अब्राहम लिङ्कन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सुन्धाराको पानी कहिले पिउने ?

काठमाडौंमा रहेको सुन्धाराको मर्मतसम्भार हालसम्म पनि हुन सकेको देखिन्न। धरहरा त बन्यो, तर सुन्धाराचाहिँ अझै पनि बेवारिसे अवस्थामै छ। धरहरा चढेर स्वदेशी र विदेशीले फोटो खिच्दा त्यसैमार्फत सुन्धाराको दुरवस्था संसारभरि पुगिरहेको छ। के त्यसले यस देशमा पुरातात्त्विक महत्त्वका सामग्रीको संरक्षण, मर्मतसम्भार र सुधार गर्ने कुनै जिम्मेवार निकाय छैन ? सुन्धाराको गेटमा ताल्चा मारिएको छ। त्यहाँका ढुंगा छरपस्ट भएका छन्। सुनको धारामा कालो खिया लागेजस्तो धब्बा देखिन्छ। दिनहुँ धरहरा अवलोकन गर्ने स्वदेशी र विदेशीले के सोच्दा हुन्, त्यो धाराको अवस्था देख्दा ? के यो धाराको मर्मतसम्भार गर्ने बजेट यहाँका तीनै तहका सरकारसित नभएकै हो ? धरहरा चढ्न जाँदा सुन्धाराको पानीले घाँटी भिजाउन पाउने कहिले हो ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

सरकारको असली चरित्र

सरकारले उज्याला नेपालका नायक कुलमान घिसिङलाई पदबाट हटाएर आफ्नो सक्कली अनुहार देखाएको छ। यो सरकारले जानेकै यत्ति हो। उसको योग्यता र क्षमता भनेकै यही हो। कसैले राम्रो काम गरेको उसले देख्नै सक्दैन। उसलाई भ्रष्टाचार गरेको मन पर्छ। करछली गर्दा औधी खुसी लाग्छ। बक्यौता महसुल नतिरेको देख्दा यो सरकार मखलेल हुन्छ। जे होस्, सरकारले कुलमानलाई हटाएर आफ्नो असली चरित्र देखाएको छ।

● **रमिता कुइँकेल**
ढुंगेधारा, काठमाडौं

लोडसेडिङ पनि गराऊ सरकार !

कुलमान प्राधिकरण प्रमुख छँदै ऊर्जामन्त्री दीपक खड्काले देशमा लोडसेडिङ पुनः सुरु हुन सक्ने दाबी गर्दै आएका थिए। अब कुलमान हटिसकेपछि र आफ्ना खल्तीका मान्छेलाई पदमा थपना गरिसकेपछि त लोडसेडिङ सुरु गराए भइहाल्यो नि ! आखिर इन्भर्टर, जेनेरेटर, इमर्जेन्सी लाइट आदिको चौपट भएको व्यापार पुनः चलायमान गराउनु पनि त छ। अनि, तिनबाट मोटो रकम कमिसन पनि त चप्काउनु छ, होइन त सरकार ? लोडसेडिङको तालिका कहिले आउँछ, सरकार ?

● **अर्जुन धरेल**
काँडाघारी, काठमाडौं

कुलमान हटाएर ठिक गऱ्यौ सरकार !

सरकार, तिमीले देशलाई दैनिक १८ घन्टाको लोडसेडिङबाट मुक्त गर्ने कुलमानजस्ता कर्मचारीलाई घोक्र्याएर निकै राम्रो काम गरेका छौ। यस्तो नगरी कसरी देशको विकास हुन्छ ? कसरी गणतन्त्र आएको अनुभूत हुन्छ ? कुलमानजस्ता खुरुखुरु घाटामा गएको प्राधिकरणलाई नाफामा ल्याउने, जनतालाई अँध्यारोबाट उज्यालोमा ल्याउने कर्मचारी तिम्रो राजमा चाहियो नै किन ? तिमीलाई त दीपक खड्का, दामोदर भण्डारीजस्ता मन्त्री भए पुगिहाल्छ नि ! भ्रष्टाचारीलाई काँधमा बोक्न र भ्रष्टाचारीको विरोध गर्नेलाई ठोक्न उनीहरू भए पुगिहाल्छ नि !

तिमीले 'चोरलाई चौतारो र साधुलाई शूली' भन्ने उखान चरितार्थ गरेर उखान कहिल्यै झुटो हुँदैन भन्ने प्रमाणित गरिदिएका छौ, सरकार ! आखिर सात, आठ, १० या १२ कक्षा पासले चलाइरहेको देशमा कुलमानजस्तो खुरुखुरु काम गर्ने, जनतालाई उज्यालो दिने, देशलाई अन्धकारबाट मुक्त गराउने, भ्रष्ट मन्त्रीलाई साथ नदिने मान्छेलाई दिने भनेकै शून्य अंक हो। त्योभन्दा तल त दिने ठाउँ भए पो दिनु त ? अर्बौं बक्यौता महसुल नतिर्ने व्यापारी, सिमेन्ट, डन्डीलगायत उत्पादनको भाउ हरेक दिन बढाएकोबढायै गर्ने उद्योगी, व्यवसायी, अकुत भ्रष्टाचार गर्ने मन्त्री, कर्मचारी, नेता, ठेक्का सकारेर पनि कहिल्यै काम सम्पन्न नगर्ने ठेकेदारलाई पो हो त सयमा सय अंक दिने, होइन त सरकार ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युरोपमा 'सुरक्षा परिषद्' स्थापनाको सम्भावना

अनौपचारिक भए पनि युरोपेली सुरक्षा परिषद् ट्रम्पको भूराजनीतिक 'विनाशकारी खेल'लाई मत्थर बनाउन र युरोपमा सुरक्षा प्रत्याभूति गराउन प्रयासरत छ

देश/विदेश

● पौल टेलर

भ्लादिमिर पुटिनको युक्रेनविरुद्धको आक्रमण र डोनाल्ड ट्रम्पको एट्लान्टिक गठबन्धन अस्थिर पार्ने प्रयाससँगै युरोपेली सुरक्षा परिषद्को प्रारम्भिक रूप विकसित हुँदै छ। अमेरिकाको सैन्य समर्थनविना युरोप लोकतन्त्रको रक्षा र रुसलाई रोक्न सक्षम हुने वा नहुनेबारे चाँडै परीक्षण हुनेछ। नेटो सोभियत संघलाई रोक्न र युरोपेली प्रतिद्वन्द्विता दबाउन अमेरिकाको नेतृत्वमा स्थापित भएको थियो, तर अहिले अमेरिकी असहभागिताले युरोपलाई आफ्ना परमाणु हतियारयुक्त संरक्षकविहीन बनाउने खतरा देखिन्छ। ट्रम्पले युक्रेनको सार्वभौमिकता र भौगोलिक अखण्डताको मूल्यमा पुटिनसँग सम्झौता गर्न खोज्दा युरोपेली नेताले नेटो र युरोपियन युनियन किभलाई सुरक्षा प्रत्याभूति दिन सक्दैनन् भन्ने बुझेका छन्। अहिले 'इच्छुक राष्ट्रको गठबन्धन'ले विभिन्न राष्ट्रलाई मिलाएर युक्रेनलाई समर्थन र युद्धविरामका लागि सुरक्षा बल जुटाउने प्रयास गरिरहेको छ। यसको केन्द्रमा बेलायत, फ्रान्स, जर्मनी, पोल्यान्ड र इटली रहेका छन्, जसलाई 'इ-फाइभ' भनिन्छ र यसले स्थायी सुरक्षा परिषद्को आधार बन्न सक्ने सम्भावना बोकेको छ।

यी पाँच राष्ट्रसँग युरोपका धेरैजसो आर्थिक उत्पादन, सैन्य शक्ति र राजनीतिक प्रभाव रहेको छ। बेलायत र फ्रान्स युरोपका परमाणु शक्ति सम्पन्न राष्ट्र तथा राष्ट्रसंघीय सुरक्षा परिषद्का स्थायी सदस्य पनि हुन्। जर्मनी युरोपको सबैभन्दा ठुलो अर्थतन्त्र हो र उसले आफ्नो संवैधानिक ऋण सीमा खुकुलो पार्दै रक्षाखर्चमा उल्लेखनीय वृद्धि गरेको छ। पोल्यान्ड नेटोभित्र सबैभन्दा ठुलो कुल गार्हस्थ उत्पादन अनुपातमा रक्षा खर्च गर्ने मुलुक हो र यहाँ छिट्टै युरोपकै सबैभन्दा ठुलो सेना रहनेछ। तर, इ-फाइभ कुनै आदर्श स्वरूप भने होइन। युरोपेली रक्षा र स्थिरताका पक्षधर नेता रहेका आठ नर्डिक र बाल्टिक राष्ट्रलाई समेत उचित स्थान दिनुपर्ने देखिन्छ। अर्कातर्फ इटलीको स्थान मूलतः उसको युरोपियन युनियन संस्थापक राष्ट्रको हैसियत तथा प्रधानमन्त्री जियोर्जिया मेलोनीको ट्रम्पसँगको राजनीतिक सम्बन्धका कारण सुरक्षित देखिन्छ, न कि उसले युक्रेनका लागि सैन्य जोखिम मोल्न इच्छुक भएकाले।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रौँले पहिलोपटक सन् २०१७ मा युरोपेली सुरक्षा पहलको प्रस्ताव गरेका थिए, जसको उद्देश्य बेलायतको युरोपियन युनियन परित्याग (ब्रेक्जिट) पछि उत्पन्न भू-राजनीतिक क्षतिको न्यूनीकरण गर्नु थियो। तर, त्यतिवेला ब्रेक्जिटका घाउ आला थिए र यो सम्भव भएन। म्याक्रौँले सन् २०२२ मा रुसको युक्रेनमाथिको आक्रमणपछि पनि प्रयास गरेका थिए। नतिजा '४४ राष्ट्रयुक्त युरोपेली राजनीतिक समुदाय'को स्थापना भयो। यो मञ्चले हालसम्म कार्यकारी अधिकार वा सचिवालय त पाएको छैन, तर कम्तीमा पनि 'स्वतन्त्र युरोप'का नेतालाई रणनीतिक छलफलका लागि एक ठाउँमा ल्याएको छ। गत सेप्टेम्बरमा 'गार्डियन'मा प्रकाशित एक स्तम्भमा मैले युरोप युक्रेनलाई त्यसरी नै समर्थन गरिरहेको छ, जसले उसलाई बाँच्न त मद्दत गर्छ, तर जित्न पर्याप्त संशाधन दिँदैन भनेको थिएँ। एक नेटो अधिकारीले मलाई युरोपेलीलाई आफ्नो रक्षा क्षमता अभिवृद्धि गर्न अझ ठुलो झट्का आवश्यक पर्न सक्छ, जसरी रुसको आक्रमणले पहिलो झट्का दिएको थियो, भनेका थिए।

ट्रम्पको ह्वाइट हाउसमा पुनरागमनले दोस्रो झट्का दिएको छ। केही साताभित्रै उनले युद्धको सुरुवातबारे मस्कोको भाष्य अपनाए, जेलेन्स्कीलाई 'तानाशाह' भन्दै अपमानित गरे, उनलाई ह्वाइट हाउसमा अपमानजनक व्यवहार गरियो र किभलाई अमेरिकी हतियार एवं गुप्तचर जानकारीको आपूर्ति गर्न बन्द गरिदिए। उनले ग्रिनल्यान्ड (युरोपियन युनियन सदस्य राष्ट्र डेनमार्कको हिस्सा हो) माथि अमेरिकी नियन्त्रण पुनः स्थापना गर्ने, पनामा नहर पुनः कब्जा गर्ने र क्यानडालाई अमेरिकी ५१औँ राज्यका रूपमा गाभ्ने कुरा उठाएर आफ्ना साझेदारलाई झस्काएका छन्। ट्रम्पले नेटोका सदस्य राष्ट्रलाई यदि उनीहरूले आफ्नो रक्षाखर्च पूरा नगरेमा अमेरिका तिनको रक्षा गर्न अघि नबढ्ने चेतावनी दिएका थिए। उनका उपराष्ट्रपति जेडी भान्सले म्युनिख सुरक्षा सम्मेलनमा युरोपेली लोकतान्त्रिक मूल्यको विरोध गर्दै आक्रामक भाषण दिए भने अमेरिकी रक्षामन्त्री पिट हेगसेथले युरोपेली राष्ट्रलाई आफ्नो सुरक्षाको जिम्मा आफैँ लिन चेतावनी दिएका थिए।

तस्बिर : डब्लुपिए/गेटी इमेजेस

लन्डन र पेरिसले ट्रम्पलाई केही हदसम्म संयमित बनाउने र युक्रेनलाई बचाउन युरोपेली तयारी गर्ने प्रयासमा नेतृत्व लिएका छन्। युरोपेली आयोगले १५ खर्ब युरोको ऋणमार्फत सामूहिक पुनः शस्त्रीकरण योजना अघि सारेको छ। विभिन्न रिपोर्टअनुसार बेलायत, फ्रान्स, जर्मनी र नर्डिक राष्ट्र मिलेर आगामी ५-१० वर्षमा अमेरिकाको नेटो जिम्मेवारी क्रमशः युरोपले सम्हाल्ने योजना बनाइरहेका छन्। र, यसलाई जुन महिनाको नेटो शिखर सम्मेलनअघि ट्रम्पसम्मुख प्रस्तुत गरिनेछ।

यी सबै संकेतले अनौपचारिक रूपमा भए पनि एउटा युरोपेली सुरक्षा परिषद् क्रियाशील भइसकेको, जसले ट्रम्पको भूराजनीतिक 'विनाशकारी खेल'को असर कम गर्न र युरोपमा सुरक्षा अभाव हुन नदिन प्रयास गरिरहेको भन्ने देखाएका छन्। ट्रम्प प्रशासनले नेटोको सर्वोच्च सैन्य पद 'सुप्रिम एलाइड कमान्डर युरोप', जसले सन् १९५१ देखि ट्रान्सट्लान्टिक सुरक्षा प्रत्याभूति प्रदान गर्दै आएको छ, त्यसलाई त्याग्ने सम्भावनाबारे सोचिरहेको खबरले यो संक्रमण क्रमिक, सहमतिपूर्ण र वार्तामा आधारित हुने भन्दा पनि अचानक, एकपक्षीय र अव्यवस्थित हुने सम्भावना धेरै भएको देखाउँछ। यदि त्यसो भयो र मौजुदा विश्व एक-अर्कालाई शोषण गर्ने ठुला शक्तिको अराजक खेलमैदान बन्दै गएको अवस्थामा युरोपेलीले आफ्नै सुरक्षाको जिम्मेवारी सम्हाल्न सक्छन् वा सक्दैनन् भन्ने प्रश्नको ठोस परीक्षण हुनेछ।

(टेलर युरोपियन पोलिसी सेन्टरका वरिष्ठ भिजिटिङ फेलो हुन्)
द गार्डियनबाट

CamScanner

चीनको साझा त्रासले नजिकिँदै भारत र न्युजिल्यान्ड

प्रमुख शक्ति प्रतिस्पर्धाका कारण बढ्दो भूराजनीतिक दबाबको सामना गरिरहेका नयाँदिल्ली र वेलिंगटन दुवै 'आसियान' र प्रशान्त टापु मञ्चअन्तर्गतका देशसँग सक्रिय रूपमा संलग्न हुन थालेका छन्

● हर्ष वी पन्त ● प्रत्नश्री वस

(हर्ष बी पन्त अब्जर्भर रिसर्च फाउन्डेसनको अध्ययन तथा विदेश नीतिका उपाध्यक्ष र किंग्स कलेज लन्डनमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक हुन् । प्रत्नश्री वसु अब्जर्भर रिसर्च फाउन्डेसनमा इन्डो-प्यासिफिककी एसोसिएट फेलो हुन् ।)

न्युजिल्यान्डका प्रधानमन्त्री लक्सनको भारत भ्रमणले भारत-न्युजिल्यान्ड सम्बन्धमा नयाँ गति प्रदान गरेको छ। दुई देशले व्यापार, सुरक्षा र क्षेत्रीय स्थिरतामा गहिरो सहकार्यका लागि प्रयास थाल्ने सहमति जनाएका छन्।

यसै वर्षको मार्चमा न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले भारत भ्रमण गरे। मार्च १६ देखि २१ सम्म दिल्लीमा रहेका लक्सनले उनको देशको हालसम्मकै ठुलो प्रतिनिधिमण्डलको नेतृत्व गरेका थिए। प्रतिनिधिमण्डलमा मन्त्रीहरू, वरिष्ठ व्यापारिक नेता, न्युजिल्यान्डमा बस्ने प्रमुख भारतीय मूलका समूह र सांसदहरू थिए। लक्सनको ६ भारत दिने भ्रमण द्विपक्षीय सम्बन्धलाई अगाडि बढाउन, क्षेत्रीय स्थिरता कायम गर्न र विशेषगरी इन्डो-प्यासिफिकभित्र समुद्री सुरक्षाका लागि एक महत्त्वपूर्ण कदम हो। लक्सनको भ्रमणलाई सरकार प्रमुखको रूपमा पहिलो भारत भ्रमण मानिएको छ।

भ्रमणका क्रममा लक्सनले 'रायसिना संवाद'को १० औँ संस्करणलाई पनि सम्बोधन गरे। सम्बोधनमा उनले सुरक्षित, स्थिर र समावेशी इन्डो-प्यासिफिकका लागि महत्त्वपूर्ण प्रस्ताव राख्नुका साथै नियममा आधारित व्यवस्था कायम राख्न न्युजिल्यान्डको भूमिकालाई विशेष जोड दिए। उनले भारत-न्युजिल्यान्ड साझेदारीको गहिरो आयामलाई प्रकाश पारे, यस क्षेत्रमा देखिएका विद्यमान चुनौतीको सामना गर्न व्यापार, जलवायु कार्य र समुद्री सुरक्षामा बलियो सहकार्यका लागि आह्वान पनि गरे। 'रायसिना संवाद' भारतको प्रमुख भूराजनीतिक र भूआर्थिक सम्मेलन हो, जसले इन्डो-प्यासिफिक क्षेत्र, सुरक्षा र बहुपक्षीय सहयोगमा बलियो ध्यान केन्द्रित गर्दै अन्तर्राष्ट्रिय चुनौतीबारे छलफल गर्न विश्वका नेता, नीति-निर्माता र विज्ञलाई एकै स्थानमा ल्याउँछ।

स्वतन्त्र व्यापार सम्झौतामा पहल

समुद्री सहयोगको सुदृढीकरण र स्वतन्त्र व्यापार सम्झौता (एफटिए) मा छलफलको पुनरुत्थान भ्रमणका दुई महत्त्वपूर्ण परिणाम हुन्। चीनमाथिको आर्थिक निर्भरतालाई ध्यानमा राख्दै न्युजिल्यान्डले बेइजिङको विरोध गर्न सक्ने क्षेत्रीय सुरक्षा संयन्त्रमा जोडिन सतर्कता अपनाउदै आएको छ। यद्यपि, प्रधानमन्त्री लक्सनले जोड दिएझैँ भारतसँगको 'महत्त्वपूर्ण शक्ति'को रूपमा यसको बढ्दो संलग्नताले परिवर्तनशील क्षेत्रीय प्रणालीमा आफ्नो आर्थिक र सुरक्षा हितलाई सन्तुलनमा राख्ने इच्छालाई संकेत गर्छ। सन् २००९ मा सम्झौताको पहल गरिएको तर बारम्बार ढिलाइको सामना गरेको स्वतन्त्र व्यापार सम्झौताले कृषि, महत्त्वपूर्ण खनिज, औषधि र पर्यटनजस्ता क्षेत्रमा व्यापार बढाउने अपेक्षा गरिएको छ, जसमा आगामी दशकमा व्यापारमा दश गुणा वृद्धि हुने अनुमान गरिएको छ। यो आर्थिक सहकार्य भारतको विश्वव्यापी आपूर्ति शृंखलामा सहभागी हुने र इन्डो-प्यासिफिक क्षेत्रमा बजार पहुँच सुधार गर्ने फराकिलो रणनीतिसँग पनि मिल्दोजुल्दो छ।

दुवै राष्ट्रले स्वतन्त्र, खुला र नियममा आधारित समुद्री व्यवस्थाको केन्द्रीयतालाई मान्यता दिएका छन्। समुद्री संलग्नताको वृद्धि भारतको बृहत् इन्डो-प्यासिफिक पहुँचसँग मिल्दोजुल्दो छ। क्षेत्रीय मध्यशक्तिले सुरक्षा गतिशीलतालाई आकार दिने बहुध्रुवीय व्यवस्थातर्फ बढ्दै जाँदा भारतसँग न्युजिल्यान्डको संलग्नताले सुरक्षा संरचनालाई बलियो बनाउँछ, जुन केवल अमेरिका-चीन प्रतिस्पर्धामा निर्भर छैन। भारतका लागि इन्डो-प्यासिफिक अफ्रिकाको पूर्वी तटदेखि पश्चिमी प्रशान्त महासागरसम्म फैलिएको छ। प्रशान्त महासागरीय राष्ट्रको रूपमा न्युजिल्यान्डले प्रशान्त महासागरको विकाससँग हिन्द महासागरको सुरक्षाको अन्तरसम्बन्धलाई बढ्दो रूपमा मान्यता दिँदै क्षेत्रीय स्थिरताप्रतिको आफ्नो प्रतिबद्धतालाई सुदृढ पारेको छ। उनीहरूको विकसित साझेदारी समुद्री सुरक्षा सहयोगलाई प्राथमिकता दिने फराकिलो क्षेत्रीय ढाँचामा उपर्युक्त हुन्छ।

भारतको 'एक्ट इस्ट पोलिसी' र 'सेक्युरिटी एन्ड ग्रोथ फर अल इन द रिजन (एसएजिएआर अर्थात् सागर) भिजन'ले यसलाई एक सुरक्षा प्रदायकको रूपमा स्थापित गरेको छ। साथै तिनले हिन्द महासागर क्षेत्रमा एक विश्वासिलो र सक्षम साझेदारको रूपमा पनि मान्यता प्राप्त गरेको छ। दुवै देशले नौसेनाबिच अन्तर्क्रिया बढाउने उपाय खोज्न सहमति जनाएका छन् (सम्भवतः भारतको मिलान नौसेना अभ्यासमा न्युजिल्यान्डको सहभागिता हुनेछ)। यसले अन्तरसञ्चालनशीलता बढाउन क्षेत्रीय नौसेनालाई एकैसाथ ल्याउँछ। त्यस्तै, भविष्यमा दुवै देशले जहाज मर्मतसम्भार र प्रविधिमा सहकार्यका लागि विभिन्न उपायबारे पनि घनीभूत छलफल गरेका छन्।

हिन्द महासागरीय नीति

वेलिंगटनको 'इन्डो-प्यासिफिक ओसियन इनिसिएटिभ (आइपिओआई)' र 'डिजास्टर रेजिलिएन्ट इन्फास्ट्रक्चर'का लागि गठबन्धन (सिडिआरआई) मा सामेल हुने निर्णय यसको प्यासिफिक समायोजन नीतिसँग मिल्दोजुल्दो छ, जुन प्रशान्त महासागरीय टापु देशसँगको संलग्नतालाई सुदृढ पार्नमा केन्द्रित छ। आइपोओआईमार्फत भारत र न्युजिल्यान्डले इन्डो-प्यासिफिकमा समुद्री पारिस्थितिकीय, स्रोत व्यवस्थापन र सुरक्षासँग सम्बन्धित क्षमता निर्माणमा सहकार्य गर्न सक्छन्। उदाहरणका लागि बढ्दो समुद्री सतह, चरम मौसमी घटना र समुद्री अम्लीकरणले साना इन्डो-प्यासिफिक टापु राष्ट्रहरूलाई असमान रूपमा असर गर्छ।

यी टापुसँग बलियो सम्बन्ध भएको प्रशान्त महासागरीय राष्ट्रको रूपमा न्युजिल्यान्ड र भारतले आफ्नो आइपिओआईमार्फत जलवायु अनुकूलन रणनीति, समुद्री प्रकोप नियन्त्रण र तटीय पूर्वाधारको लचिलोपनमा सँगसँगै काम गर्न सक्छन्। त्यसैगरी इन्डो-प्यासिफिकले अवैध र अनियमित माछा मार्ने कार्य (आइयुयु फिसिङ) र विशेषगरी विवादित पानीमा सञ्चालन हुने विदेशी जहाजबाट बढ्दो चुनौतीको सामना गरिरहेको छ। दिगो मत्स्यपालन व्यवस्थापनमा आफ्नो विशेषज्ञताको साथ न्युजिल्यान्डले साना टापु राष्ट्रमा बढ्दो सैन्य गस्ती समन्वय र क्षमता निर्माण पहलमार्फत यो समस्यालाई नियन्त्रण गर्न भारतसँगको संयुक्त प्रयासमा योगदान दिन सक्छ।

न्युजिल्यान्ड चतुर्भुज सुरक्षा संवाद (क्वाड) को हिस्सा नभए पनि भारतसँगको यसको बढ्दो सुरक्षा साझेदारीले मानवीय सहायता र विपत् राहत (एचएडिआर), साइबर सुरक्षा र समुद्री पूर्वाधार परियोजनामा क्वाड-नेतृत्वको पहलसँग बढ्दो पंक्तिबद्धतालाई अनुमति दिन्छ। समुद्री सुरक्षामा क्वाड सदस्यसँग न्युजिल्यान्डको सहकार्यले इन्डो-प्यासिफिकमा सामूहिक प्रतिरोधलाई बलियो बनाउँछ। नयाँदिल्ली र वेलिंगटन दुवै प्रमुख शक्ति प्रतिस्पर्धाका कारण बढ्दो भूराजनीतिक दबाबको सामना गरिरहेका आसियान र प्रशान्त टापु मञ्च अर्थात् 'प्यासिफिक आइल्यान्ड फोरम (पिआइसी)' अन्तर्गतका देशसँग सक्रिय रूपमा संलग्न छन्। पिआइएफ र आसियान क्षेत्रीय फोरम (एआरएफ)मार्फत सुरक्षा साझेदारीलाई बढावा दिनाले भारत र न्युजिल्यान्डलाई क्षेत्रीय सुरक्षा शासनमा सक्रिय भूमिका खेल्न अनुमति दिनेछ।

प्रधानमन्त्री लक्सनको भ्रमणले भारत-न्युजिल्यान्ड सम्बन्धमा नयाँ गति प्रदान गरेको छ, जसले व्यापार, सुरक्षा र क्षेत्रीय स्थिरतामा गहिरो सहकार्यका लागि मार्गप्रशस्त गरेको छ। दुवै राष्ट्रहरूले विकसित हुँदै गइरहेको इन्डो-प्यासिफिक परिदृश्यमा मार्ग तय गर्दा उनीहरूको बलियो साझेदारीले यस क्षेत्रमा थप लचिलो र समावेशी भविष्यलाई आकार दिन प्रमुख शक्ति बन्ने वाचा गरेका छन्।

– एनडिटिभीबाट

'ग्रुप च्याट' लिकले तरंगित अमेरिकी राजनीति

ग्रुप च्याट गर्ने अमेरिकी उपराष्ट्रपति भान्स, राष्ट्रिय सुरक्षा सल्लाहकार वाल्ज र रक्षामन्त्री हेगसेथ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारका शीर्ष अधिकारी रहेको एक ग्रुप च्याटमा एकजना पत्रकारलाई भुलवश समावेश गरिएपछि त्यहाँ हुने वार्ता बाहिरिएको छ। ग्रुपमा अमेरिकाले यमनका हुथी लडाकु समूहविरुद्ध आक्रमण गर्नुअघि छलफल भएको ती पत्रकारले खुलासा गरेका छन्। अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार माइकल वाल्जले सिग्नल नामक एपको एक च्याट ग्रुपमा 'दि एट्लान्टिक'का प्रधान सम्पादक जेफ्री गोल्डबर्गलाई झुक्किएर जोडेपछि यो अवस्था आएको थियो।

'हुथी पिसी स्मल ग्रुप' नाम दिइएको सो च्याट ग्रुममा उपराष्ट्रपति जेडी भान्स, सिआइए निर्देशक जोन र्‍याटक्लिफ, ह्वाइट हाउस चिफ अफ स्टाफ सुजी वाइल्स र रक्षामन्त्री पिट हेगसेथलगायत शीर्ष अधिकारी थिए। ट्रम्पविरोधी मानिने 'द एट्लान्टिक'सम्बद्ध गोल्डबर्गले सोमबार ग्रुपमा भएको छलफल उल्लेख गर्दै लेख लेखेपछि अहिले अमेरिकी राजनीति तरंगित भएको छ।

छलफलपछि १५ मार्चका यमनका हुथीमाथि अमेरिकी सेनाले आक्रमण गरेको थियो। आक्रमणलगत्तै वाल्जले ग्रुपमा 'अद्भूत काम !' भनेका थिए।

अहिले अमरिकाका दुवै देशका सांसदले सुरक्षित सरकारी माध्यमभन्दा बाहिरी माध्यममा उच्च पदस्थबिच संवेदनशील विषयमा छलफल भएको भन्दै विरोध भएको छ। सांसदहरूले यस घटनाको छानबिन हुनुपर्ने माग गरेका छन्। ह्वाइट हाउसले भने विज्ञप्ति निकाल्दै आफ्ना पदाधिकारीको बचाउ गरेको छ।

विवाद चर्किने छाँटकाँटबिच गोल्डबर्गलाई ग्रुपमा जोड्ने राष्ट्रिय सुरक्षा सल्लाहकार वाल्जले राजीनामा दिन सक्ने अड्कल काटिएको छ। त्यस्तै ग्रुप च्याटमा उपराष्ट्रपति भान्सले ट्रम्पका नीतिको आलोचना गरेका छन्। यसले ट्रम्प र उनीबिचको सम्बन्धमा असर गर्न सक्ने विश्लेषण भइरहेको छ। लेखमा गोल्डबर्गले अमेरिकाका शत्रुसम्म सूचना पुग्दा अमेरिकी स्वार्थमा हानि पुग्न सक्ने भएकाले तिनलाई हालसम्म गोप्य राखेको दाबी गरेका छन्।

इतिहासमा आज

मार्च २६

सन् १९७१ : अबामी लिगका नेता शेख मुजिबुर रहमानले बंगलादेश (तत्कालीन पूर्वीपाकिस्तान) पाकिस्तानबाट अगल भएको घोषणा गरे। लगत्तै पाकिस्तानी सेनाले दमनकारी अभियान चलाउँदा लाखौंको ज्यान गयो। भारतीय सेनाको समेत सहयोगपछि सो वर्ष डिसेम्बर १६ मा पाकिस्तान सेनाले आत्मसमर्पण गर्‍यो।

सन् १५५२ : गुरु अमर दास तेस्रो शिख गुरु बने।

सन् १८८५ : इस्टम्यान फिल्म को.ले विश्वको पहिलो व्यावसायिक 'चलचित्र' (मोसन पिक्चर) निर्माण गर्‍यो।

सन् १९१० : अमेरिकाले अपराधी, अराजकवादी, विपन्न र बिरामी (विशेषगरी छारेरोग) हरूको देश प्रवेशमा कडाइ गर्ने कानुन 'अनार्किस्ट एक्सक्लुसन एक्ट' पास गर्‍यो।

सन् १९१३ : बुल्गेरियाको सेनाले सर्बियाली फौजको सहयोगमा एड्रियानोपल कब्जा गरेसँगै पहिलो बाल्कन युद्ध समाप्त हुने बाटो खुल्यो। मेमा लन्डन सन्धिसँगै युद्ध टुंगियो।

सन् १९४५ : दोस्रो विश्वयुद्धको सबैभन्दा भीषणमध्ये एक युद्धमा विजयी हुँदै अमेरिकी नौसेनाले जापानी सेनाबाट 'अयो जिमा' टापु कब्जामा लियो।

सन् १९५३ : डा. जोनास सल्कले नयाँ पोलियो खोप पत्ता लगाएको घोषणा गरे।

सन् १९७९ : अमेरिकाको वासिंटन डिसीमा इजिप्ट-इजरायलबिच शान्ति सम्झौतामा हस्ताक्षर भयो।

सन् १९८९ : सोभियत संघमा पहिलो र अन्तिमपटक स्वतन्त्र विधायिक निर्वाचन भयो। मस्को क्षेत्रबाट कम्युनिस्टविरोधी उम्मेदवार बोरिस यल्तसिन निर्वाचित भए।

सन् २०१८ : ११ चिकित्सकको समूहको १४ घण्टा लामो शल्यक्रियापछि अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयको चिकित्सकीय शाखाले विश्वमा पहिलोपटक लिंग प्रत्यारोपण सम्पन्न गर्‍यो।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बिर्तामोड शाखा, बिर्तामोड नगरपालिका, झापा
सम्पर्क फोन: +९७७-०२३-५३१४१५/५३०९७७
NIC ASIA एन आई सी एशिया बैंक लि.

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री तेज बहादुर प्रसाईको पत्नी, शंखमणी प्रधानको छोरी, साबिक ललितपुर जिल्ला, ललितपुर उप-महानगरपालिका वडा नं. १ हाल ललितपुर महानगरपालिका वडा नं. १ बस्ने वर्ष ९० की देवकला प्रसाईको मिति २०६९/०९/०४ (ई.सं. १९/१२/२०१२) मा मृत्यु भएकोले ललितपुर महानगरपालिका वडा नं. १ बस्ने छोरा नाता पर्ने मोहन बहादुर प्रसाइले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बिर्तामोड शाखा, बिर्तामोड नगरपालिका, झापामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
भक्तपुर शाखा, भक्तपुर नगरपालिका, भक्तपुर
सम्पर्क फोन: +९७७-०१-६६१०१८२/८३/८४
NIC ASIA एन आई सी एशिया बैंक लि.

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री राम बहादुर सिलवालको नाति, धनबहादुर सिलवालको छोरा, बागमती प्रदेश सिन्धुपालचोक जिल्ला, सुनकोशी गाउँपालिका वडा नं. ०६, हाल सूर्यविनायक नगरपालिका - ०६, भक्तपुर बस्ने ४९ वर्षको श्री रमेश सिलवालको मिति २०८०/०६/२४ (ई.सं. ११/१०/२०२३) मा मृत्यु भएकोले स्व. रमेश सिलवालकी पत्नी हाल सूर्यविनायक नगरपालिका - ०६, भक्तपुर बस्ने श्रीमती भगवती सिलवालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको भक्तपुर शाखा, भक्तपुर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कोशी प्रदेश, भद्रपुर, झापा

कार्य सम्पन्न नगरे ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना

(प्रकाशित मिति २०८१-१२-१३)

धरमपुर ९ रानामिल इन्द्रेणी चोक कुन्जिबारी सडक, झापा (Contract ID: DRODMK/337335-4/072-073/060) को निर्माण कार्यको लागि नागार्जुन-निलगिरी जे.भी., शंखमुल, काठमाडौं र साबिक डिभिजन सडक कार्यालय, दमक बिच मिति २०७३/०८/२१ गते सम्झौता भई यस कार्यालयमा हस्तान्तरित योजनाको पटक -पटक म्याद थप गर्दा समेत निर्माण कार्य बिचमै अलपत्र पारि सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा सूचना प्रकाशन मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र सम्पन्न गर्न सक्ने अद्यावधिक कार्ययोजना (Updated work schedule), स्रोत, साधन परिचालनको भरपर्दो योजना र कार्य योजना बमोजिम काम गर्ने प्रतिबद्धता सहित सम्पूर्ण आधिकारिक जे.भि.पार्टनरहरु उपस्थित हुन यो सूचना जारी गरिएको छ। उपरोक्त अवधिमा कार्य शुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२)क, ५९(३)ख, ५९(७) र ठेक्का सम्झौताको GCC Clause 57.1 मा प्रावधान भए बमोजिम ठेक्का तोडी कार्य सम्पादन जमानत जफत गरिने तथा फर्मलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१)ग बमोजिम कालोसूचीमा राख सिफारिस गरिने व्यहोरा जानकारी गराईन्छ। ठेक्का तोड्न नहुने केहि कारण भए १५ दिन भित्र स्पष्टीकरण पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

कार्यालय प्रमुख

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-०१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बिर्तामोड शाखा, बिर्तामोड नगरपालिका, झापा
सम्पर्क फोन: +९७७-०२३-५३१४१५/५३०९७७
NIC ASIA एन आई सी एशिया बैंक लि.

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री ईन्द्र नारायण लिम्बुको पत्नी, चङ्क बिर वनेमको छोरी, साबिक ताप्लेजुङ जिल्ला, ढुंगेसाघु गा.वि.स. वडा नं. ४ हाल ताप्लेजुङ जिल्ला, मैवाखोला गाउँपालिका वडा नं. ३ बस्ने वर्ष ६७ की श्रीमति तिल कुमारी लिम्बुनीको मिति २०८०/११/२५ (ई.सं. ०८/०३/२०२४) मा मृत्यु भएकोले मैवाखोला गाउँपालिका वडा नं. ३ बस्ने छोरा टंकराज लिम्बुले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बिर्तामोड शाखा, बिर्तामोड नगरपालिका, झापामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ताहाचल, काठमाण्डौ

सम्मानित सर्वोच्च अदालतको मिति २०८१/०४/११ गतेको आदेश बमोजिम फैसला कार्यन्वयन गर्ने सम्बन्धित सूचना।

राम कुमार रुपाखेती समेतको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी पुरुषोतम हमाल समेत भएको वैदेशिक रोजगार कसुर मुद्दामा जहेरवालाहरुले प्रतिवादीबाट फैसला बमोजिमको विगो रकम भराई पाऊ भन्ने निवेदन परेको नदेखिएकोले तपसिल बमोजिमको व्यक्तिहरु सो फैसला बमोजिमको विगो दावी सहितको निवेदन लिई सूचना प्रकाशन भएको मितिले ३ महिना भित्र यस विभागको प्रशासन शाखामा सम्पर्क गर्न हुन यो सूचना मार्फत जानकारी गराईन्छ। सूचनामा उल्लेख भएको मिति भित्र सम्पर्क नगरेमा कानुन बमोजिम हुन अनुरोध छ।

तपसिल: (तत्कालिन समयमा अभियोग पत्रमा उल्लेख भएको विवरण)

जिल्ला चितवन, पिठुवा गा.वि.स. वडा नं. ७ बस्ने वर्ष ३९ को राम कुमार रुपाखेती
जिल्ला ओखलढुंगा, ठुलाछाप गा.वि.स. वडा नं. २ बस्ने वर्ष ३८ को फडिन्द्र कार्की
जिल्ला ललितपुर, सिद्धिपुर गा.वि.स. वडा नं. ९ बस्ने वर्ष ३६ को मदन महर्जन
जिल्ला रुपन्देही, टिकुलीगढ गा.वि.स. वडा नं. ५ बस्ने वर्ष २५ को प्रेमलाल पाण्डे
जिल्ला तनहु, खैरेनीटार गा.वि.स. वडा नं. ९ बस्ने वर्ष २५ को सुजन कुमार श्रेष्ठ
जिल्ला बैतडी, दशरथ चन्द न.पा. वडा नं. ५ बस्ने वर्ष २८ को प्रतिप बहादुर चन्द

महानिर्देशक

अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि. को

गैरबैंकिङ सम्पत्ति (जग्गा) लिलाम बिक्री गर्न डाँक बढाबढ सम्बन्धी ३५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८१/१२/१३)

यस संस्थाले ऋणी सदस्य उत्तमप्रसाद कायस्थबाट सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम लिलाम सकार गरी मिति २०८१ असार २१ गते संस्थाको नाममा कायम हुन आएको तपसिल बमोजिम जग्गा सहकारी नियमावली २०७५ को नियम ३६ बमोजिम संस्थाको नाममा कायम हुन आएको छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने सावाँ, ब्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन नआएको हुनाले सहकारी ऐन, २०७४ को दफा ७९ एवं सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम डाँक बढाबढ गरी लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। तपसिलमा उल्लेखित जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम सकार गरी लिन ईच्छुक व्यक्ति तथा संस्थाहरूले संस्थाको कार्यालयमा आएर आवश्यक जानकारी लिनुहुन र संस्था भएमा आधिकारिक कागजात सहित तथा व्यक्ति भएमा सक्कल नागरिकता सहित मिति २०८२ वैशाख २१ गते संस्थाको कार्यालयमा हुने डाँक बढाबढ प्रक्रियामा सहभागी हुनुहुन अनुरोध छ।

डाँक बढाबढ मिति : २०८२ वैशाख २१ गते,
स्थान : संस्थाको कार्यालय, **समय**: बिहान १०:३० बजेदेखि दिउँसो ४:०० बजेसम्म

जग्गाको विवरण

जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.		कि.नं.	क्षेत्रफल
		साबिक	हाल		
अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि.	भक्तपुर	नंखेल १ख	सूर्यविनायक ८	३३४९ ३३४४	०-६-३-१ (रोपनी) ०-४-३-२ (रोपनी)

अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि.
सूर्यविनायक ४, दधिकोट, भक्तपुर, फोन : ०१-६६३०३२३

Lumbini Buddhist University
Lumbini, Nepal

Invitation for Bids

Date of First publication: 2081-12-13 (26 March 2025)

1. Lumbini Buddhist University (LBU) invites electronic bids from eligible bidders for the flowing goods under National Competitive Bidding (NCB) single stage single envelope bidding procedure.

Contract No./Bid No.	Name of Project	Price of Bidding Document	Bid Security Amount	Last Date and Time of bid purchase	Last Date and Time of bid Submission	Bid Opening Date and Time
LBU/ goods/ NCB/02-2081/82	Supply and Delivery of 5 seater or above electrical vehicle car at Lumbini, Rupandehi	NRs 3,000.00	NRs 98,000.00	2082/01/12 (25 April 2025) 11:59 AM	2082/01/12 (25 April 2025) 12:00 PM	2082/01/12 (25 April 2025) 1:00 PM

2. Eligible Bidders may obtain further information from the office of LBU during office hour (071-4040488) or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Registrar

CamScanner

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	Electric Scooter	SCOOTER	ATHER	450X HR	Peak Motor Power 6.4 kW , Rated Motor Power 3.3kW, Battery 3.66kWH	INDIA	1	399,999.00	399,999.00
2	Electric Scooter	SCOOTER	ATHER	450X LR	Peak Motor Power 6.4 kW, Rated Motor Power 3.3kW, Battery 2.9 kWH	INDIA	1	364,999.00	364,999.00
3	Electric Scooter	SCOOTER	ATHER	450S LR	Peak Motor Power 5.4 kW , Rated Motor Power 3.3kW, Battery 2.9 kWH	INDIA	1	324,999.00	324,999.00

बैद्य ईनर्जी प्रा. लि.

आनन्दनगर, धुम्वाराही, काठमाडौं

एक्जीम कोड नं : ६०६८४६७०१०१४८एनपी, फोन नं.: ४००८८०१-५

प्रदेश सरकार

खानेपानी, उर्जा तथा सिचाई मन्त्रालय

खानेपानी तथा सरसफाई डिभिजन नं. १

बागमती प्रदेश, हेटौडा, मकवानपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१२/१३

मिति २०८१/११/०४ मा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको सारभूत रुपमा प्रभावग्राह्य न्यूनतम मूल्याङ्कित बोलपत्रहरु स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

सि. नं.	कामको विवरण	ठेक्का नं.	बोलपत्रदाताको नाम	कबोल अंक (मू.अ.कर सहित)
1	Deep Boring Construction work at Aldamar Hetauda 12 Makawanpur	WORKS/NCB/14/081/82 /WSSD1/Makawanpur	Nawalpur Drilling and Construction, Kawasoti NP-08 Nawalpur	19,24,615.13
2	Deep Boring Construction work at Sakteshwor Hetauda 16 Makawanpur	WORKS/NCB/15/081/82 /WSSD1/Makawanpur	Asain Drilling Company Pvt.Ltd , Lokanthali 16 Bhaktapur	19,63,147.00
3	Deep Boring Construction work at Sundarbasti Tole Bikas Samiti Besaredanda Hetauda 13 Makawanpur	WORKS/NCB/16/081/82 /WSSD1/Makawanpur	Asain Drilling Company Pvt.Ltd, Lokanthali 16 Bhaktapur	19,51,847.00
4	Deep Boring Construction work at Padampokhari Brihat Water Supply Project Hetauda 13 Makawanpur	WORKS/NCB/17/081/82 /WSSD1/Makawanpur	Nawalpur Drilling and Construction, Kawasoti NP-08 Nawalpur	18,50,713.13
5	Deep Boring Construction work at Angareshwor Water Supply Project Hetauda 17 Makawanpur	WORKS/NCB/18/081/82 /WSSD1/Makawanpur	Roshan Drilling and Construction Pvt.Ltd , Kalanki 14 Kathmandu	20,50,157.00
6	Supply and Delivery of HDPE pipes (PE 100 series and NS40:2079 compliance) Makawanpur	GOODS/NCB/19/081/82 /WSSD1/Makawanpur	Green Leaf Private Limited , Putalisadak Kathmandu 31	1,09,91,673.17

Division Chief

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८१/१२/१३ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्न, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण

१. ऋणीको नामः मन कुमारी विश्वकर्मा **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं. (जारी मिति/स्थान): ०३०२२३/२३५३ (२०६३/१२/१०/ईलाम), बाबुको नामः सन्त ब. वि.क., ससुराको नामः भिम बहादुर विश्वकर्मा, पतिको नामः कुमार विके, ठेगानाः ईलाम जिल्ला, चुलाचुली ग.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ७।

व्यक्तिगत जमानतकर्ताः

कुमार विकेः ना.प्र.प.नं. (जारी मिति/स्थान): ५७३८२-३६०५ (२०५७/०१/१३/ईलाम), बाजेको नामः राम बहादुर विश्वकर्मा, बाबुको नामः भिम बहादुर विश्वकर्मा, ठेगानाः ईलाम जिल्ला, चुलाचुली ग.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ७।

धितो लेखिदिएको सम्पत्तिको विवरणः

सन्त ब. वि.क.को छोरी, भिम बहादुर विश्वकर्माको बुहारी, कुमार विकेको पत्नी, ईलाम जिल्ला, चुलाचुली ग.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ७ बस्ने **मन कुमारी विश्वकर्मा**को नाममा मालपोत कार्यालय ईलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको ईलाम जिल्ला, चुलाचुली गा.वि.स./न.पा., वडा नं. ३/क स्थित कि.नं. ४७३ को क्षेत्रफल ३२४१.८५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नामः इन्द्र कुमारी राई **कर्जा शिर्षकः** आवधिक कर्जा

ना.प्र.प.नं. (जारी मिति/स्थान): ०३०३९३-९४ (२०६३/११/१३/ईलाम), बाबुको नामः गज बहादुर राई, ससुराको नामः पदम प्रसाद राई, पतिको नामः राज कुमार राई, ठेगानाः ईलाम जिल्ला, पुवामझुवा गा.वि.स., बडा नं. ८ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ३।

व्यक्तिगत जमानतकर्ताः

राज कुमार राईः ना.प्र.प.नं. (जारी मिति/स्थान): ४२५०६-७४८ (२०५१/१०/१५/ईलाम), बाजेको नामः दिल बहादुर राई, बाबुको नामः पदम प्रसाद राई, ठेगानाः ईलाम जिल्ला, पुवामझुवा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ३।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

दिल बहादुर राईको नाति, पदम प्रसाद राईको छोरा, ईलाम जिल्ला, पुवामझुवा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ३ बस्ने **राज कुमार राई**को नाममा मालपोत कार्यालय ईलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको ईलाम जिल्ला, पुवामझुवा गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कि.नं. १४६ र १४९ को क्षेत्रफल १७-०-०-० र १६-०-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको नामः कुमारी श्रेष्ठ **कर्जा शिर्षकः** आवधिक कर्जा

ना.प्र.प.नं. (जारी मिति/स्थान): १८५५ (२०४६/०३/१८/ईलाम), बाबुको नामः शेर बहादुर श्रेष्ठ, ससुराको नामः धन बहादुर श्रेष्ठ, पतिको नामः कविर मान श्रेष्ठ, ठेगानाः ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ७।

व्यक्तिगत जमानतकर्ताः

कविर मान श्रेष्ठः ना.प्र.प.नं. (जारी मिति/स्थान): ६२७-६२४ (२०४४/१२/१२/ईलाम), बाजेको नामः रत्न बहादुर श्रेष्ठ, बाबुको नामः धन बहादुर श्रेष्ठ, ठेगानाः ईलाम जिल्ला, एकतप्पा गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ७।

धितो लेखिदिएको सम्पत्तिको विवरणः

रत्न बहादुर श्रेष्ठको नाति, धन बहादुर श्रेष्ठको छोरा, ईलाम जिल्ला, एकतप्पा गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ७ बस्ने **कविर मान श्रेष्ठ**को नाममा मालपोत कार्यालय ईलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको ईलाम जिल्ला, एकतप्पा गा.वि.स./न.पा., वडा नं. ४/क स्थित कि.नं. २५४ को क्षेत्रफल १३-४-१-१ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको नामः देवीमाया विष्ट **कर्जा शिर्षकः** आवधिक कर्जा

ना.प्र.प.नं. (जारी मिति/स्थान): ०३०४१३/५५ (२०६३/११/२४/ईलाम), बाबुको नामः बल ब. गुरागाई, ससुराको नामः तिल विक्रम बिष्ट, पतिको नामः कृष्ण बहादुर बिष्ट, ठेगानाः ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ९।

व्यक्तिगत जमानतकर्ताः

कृष्ण बहादुर बिष्टः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७२४४/४८८ (२०४७/१२/१९/ईलाम), बाजेको नामः भक्त बहादुर बिष्ट, बाबुको नामः तिल विक्रम बिष्ट, ठेगानाः ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ९।

धितो लेखिदिएको सम्पत्तिको विवरणः

भक्त बहादुर बिष्टको नाति, तिल विक्रम बिष्टको छोरा, ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ९ बस्ने **कृष्ण बहादुर बिष्ट**को नाममा मालपोत कार्यालय ईलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ४/ख स्थित कि.नं. ५४१ को क्षेत्रफल १-३-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

५. ऋणीको नामः नेत्र कुमारी फियाक **कर्जा शिर्षकः** आवधिक कर्जा

ना.प्र.प.नं. (जारी मिति/स्थान): १५०/३०५ (२०५८/११/०६/पाँचथर), बाबुको नामः लोक प्रसाद फियाक, ससुराको नामः मानविर लावती, पतिको नामः योगेन्द्र राज लावती, ठेगानाः पाँचथर जिल्ला, आरूबोटे गा.वि.स.. वडा नं. ९ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ६।

व्यक्तिगत जमानतकर्ताः

योगेन्द्र राज लावतीः ना.प्र.प.नं. (जारी मिति/स्थान): १५९-८१७ (२०४९/०६/०४/पाँचथर), बाजेको नामः लंक बहादुर लावती, बाबुको नामः मानविर लावती, ठेगानाः पाँचथर जिल्ला, कुरूम्बा गा.वि.स.. वडा नं. २ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ६।

धितो लेखिदिएको सम्पत्तिको विवरणः

बाबु - ऋषि प्रसाद खनाल
बाजे - चन्द्रकान्त खनाल
स्थायी ठेगाना- गोरखा जिल्ला आरुघाट गा.पा वडा नं ०९
हालको ठेगाना- काठमाण्डौं जिल्ला, ईचंगुनारायण न.पा. वडा नं ०९

२. **लक्ष्मी क्षेत्री खनाल**
ना.प्र.नं.- १०६२५८
जारी मिति -२०६०/०८/१२, जि.प्र.का गोरखा
बाबु - गगनध्वज काप्री
ससुरा - ऋषी प्रसाद खनाल
पति - सुजन खनाल
स्थायी ठेगाना- गोरखा जिल्ला, आरुचनौटे गा.वि.स वडा नं. ०१
हालको ठेगाना- काठमाण्डौ जिल्ला, ईचंगुनारायण न.पा. वडा नं. ०९

लिलाम हुने सम्पतिको विवरण

१. **सुजन खनाल**को नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, ईचंगुनारायण गा.बि.स/न.पा. वडा नं. ९ स्थित कित्ता नं. १४१ क्षेत्रफल १२७.२० (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **लक्ष्मी क्षेत्री खनाल**को नाममा मालपोत कार्यालय डिल्लिबजार काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं १६ स्थित कित्ता नं. ३०५ क्षेत्रफल ३१७.९० (ब.मि) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ चैत १९ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ चैत २० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२.प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ चैत २० गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

रिदारा आरडी-६ सार्वजनिक

काठमाडौं/ सिजी मोटर्सले नेपालकै पहिलो प्योर इलेक्ट्रिक फोर ह्विलर पिअकप रिदारा आरडी-६ सार्वजनिक गरेको छ। कम्पनीले फर्पिङमा ट्र्याक एड्भेन्चर ड्राइभर गरेर उक्त पिकअप सार्वजनिक गरेको हो। सोही कार्यक्रममा १० वटा रिदारा पनि बुकिङ भएको कम्पनीले जनाएको छ।

अत्याधुनिक प्रविधि र उत्कृष्ट कार्यक्षमताका साथ डिजाइन गरिएको पिकअपले नयाँ स्तर स्थापित गरेको कम्पनीको भनाइ छ। यसमा चार सय २४ किमिको रेन्ज र ७३ किलोवाट क्षमताको ब्याट्री रहेको छ।

नेपालको सडक सुहाउँदो पिकअपमा सात फरक-फरक ड्राइभिङ मोड स्यान्ड, मड, अफरोड, वाडिङ, इकोनोमी, कम्फर्ट र स्पोर्ट उपलब्ध छन्। रिदाराको प्रारम्भिक मूल्य ७९ लाख ९९ हजार तोकिएको छ। यसले उत्कृष्ट विशेषता र वातावरणमैत्री प्रविधिलाई मूल्यवान् बनाउने बताइएको छ।

एनएमबिको वित्तीय साक्षरता

काठमाडौं/ एनएमबि बैंकले देशभर वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। ग्लोबल मनी विक २०२५ को अवसरमा बैंकले सबै प्रदेशका विभिन्न शाखामार्फत स्कुल तथा क्याम्पसमा वित्तीय साक्षरता कार्यक्रमको आयोजना गरेको हो। उक्त कार्यक्रमबाट तीन हजारभन्दा बढी व्यक्ति प्रत्यक्ष लाभान्वित भएको बताइएको छ। त्यसैगरी, बैंकले विभिन्न क्षेत्रमा प्रभातफेरी कार्यक्रममा समेत सहभागिता जनाएको छ।

राबा बैंकको वित्तीय साक्षरताबाट १० हजारजना लाभान्वित

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकले देशव्यापी रूपमा सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रमबाट १० हजार तीन सय ९२ जना लाभान्वित भएका छन्। ग्लोबल मनी विक २०२५ मनाउँदै बैंकले सातै प्रादेशिक कार्यालय र सबै शाखा कार्यालयमार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको हो।

अन्तर्राष्ट्रिय रूपमा हरेक वर्ष मार्च महिनामा तेस्रो हप्ता मनाइने ग्लोबल मनी विक बैंकले विभिन्न स्कुल तथा कलेजका हजारौं विद्यार्थीको सहभागितामा कार्यक्रम सञ्चालन गरेको थियो।

अभियानअन्तर्गत बैंकिङसँग कारोबार गर्दा हुने फाइदा, डिजिटल बैंकिङ, क्युआर, पोस सेवा, आरबिबी स्मार्ट बैंकिङ, इन्टरनेट बैंकिङ, पिन तथा पासवर्ड सुरक्षा, ओटिपी, रेमिट्यान्स कारोबार, बचत तथा कर्जाको सदुपयोगसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो।

पानी दिवसमा सिद्धार्थको प्रभातफेरी

काठमाडौं/ विश्व पानी दिवसका अवसरमा सिद्धार्थ बैंकले 'वाक फर वाटर, वाक फर लाइफ' प्रभातफेरी (वाकाथन) कार्यक्रम सम्पन्न गरेको छ। बैंकले पानी दिवसमा पहिलोपटक यो कार्यक्रम आयोजना गरेको हो।

पाँच किमि दूरीको प्रभातफेरी नक्साल नारायणचौरबाट हात्तीसार, पुतलीसडक, बागबजार, रत्नपार्क, जमल, दरबारमार्ग, गैरीधारा हुँदै पुनः नक्साल आई सम्पन्न भएको थियो। कार्यक्रममा बैंकका कर्मचारीलगायतको उपस्थिति थियो। कार्यक्रम उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेलले नेपालजस्तो हिमाली मुलुकमा हिमनदी पग्लिनु गम्भीर समस्या भएको औंल्याउँदै यसको संरक्षणलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय मुद्दाका रूपमा अघि बढाउनुपर्ने बताए।

लिलामी बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/१३

यस सा व उ स बाट संकलित खयर काठ ५०८.४८ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

देवीस्थान सिमलश्वाँरा सा. वन उपभोक्ता समूह, आँबुखैरेनी ६, तनहूँ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथमपटक प्रकाशित मितिः २०८१/१२/१३

यस कम्पानीको मिति २०८१/१०/०७ को निर्णय बमोजिम साविकको **डिक्कभरी न्यूज नेटवर्क प्रा. लि.** (प्रा. लि.नं. ११८३७३) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/१२/११ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **रातोपाटी न्यूज नेटवर्क प्रा. लि.** कायम गरिएको जानकारी गराइन्छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/८८/८८, फ्याक्सः +९७७-१-५१११११८०
टोल फ्री नं.:१६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
गुनासोको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
हेटौडा शाखा, हेटौडा उपमहानगरपालिका
सम्पर्क फोनः +९७७-०५७-५२४२३७

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैतीस) दिने सूचना

लिखितम् श्री महाबिर प्रसाद अग्रवालको नातिनी, जय प्रकाश अग्रवालको छोरी, बागमती प्रदेश मकवानपुर जिल्ला, हेटौडा उपमहानगरपालिका वडा नं. ०३ हाल हेटौडा - ०३ बस्ने ४६ वर्षकी श्रीमती बबिता कुमारी अग्रवालको मिति २०७९/०६/२७ (ई.सं. १३/१०/२०२२) मा मृत्यु भएकोले स्व. बबिता कुमारी अग्रवालको पती हाल भारत बस्ने श्रीमान मनिष झ्रोलियाले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको हेटौडा शाखा, हेटौडा उपमहानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

27
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

CamScanner

प्रधानमन्त्री ओली कुलमान कारबाहीको प्रतिरक्षामा, देउवाको पनि समर्थन

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओली विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई कारबाही गर्ने निर्णयको प्रतिरक्षामा उत्रेका छन् । सत्तारूढ दल कांग्रेस सभापति शेरबहादुर देउवाले घिसिङ बर्खास्तीको ओली निर्णयमा समर्थन जनाएका छन् । कांग्रेस नेतृ सुजता कोइरालाद्वारा लिखित आत्मकथा 'म र मेरो सानोबुबा' मंगलबार राजधानीमा आयोजित लोकार्पण कार्यक्रममा सहभागी प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले सोमबारको मन्त्रिपरिषद् निर्णयको बचाउ गरेका हुन् । प्रधानमन्त्री ओलीले घिसिङलाई बर्खास्त गर्ने निर्णयको विरोधको अर्थ नरहेको भन्दै तिललाई पहाड बनाउन खोजिएको जिकिर गरे ।

'ससाना कुराहरूलाई तिलको पहाड बनाएर, त्यसैलाई समातेर खुब हल्लाखल्ला गर्ने चलन छ । अहिले पनि एउटा सानो त्यान्द्रो, केही विषय पाएजस्तो लाग्यो केही मान्छेलाई । खुब उफ्रिराख्या छन् । के-के न पायौँ भनेर, इस्यू भेटियो भनेर हिजैदेखि वक्तव्यबाजी सुरु छ,' कार्यक्रममा

प्रधानमन्त्री ओली

कांग्रेस सभापति देउवा

ओलीले भने, 'यही मौका हो, यही त्यान्द्रो हो, यही डोरीलाई नाग भनेर कुद्या छन् । त्यसको केही अर्थ छैन । हामीले देश र जनताको हितका लागि काम गर्नुपर्छ । इमानदारीका साथ काम गर्नुपर्छ ।'

ओलीले वर्षौँदेखि गरिएको कामलाई चमत्कार, जादुको रूपमा व्याख्या गरिएको भन्दै भ्रममा नपर्न आग्रह गरे । 'उहाँ (कुलमान)ले उज्यालो ल्याउनुभयो । अघिल्लो चारवर्षे कार्यकाल पूरै उहाँले त्यही काम गरेर पूरा गर्नुभएको थियो कि उहाँले नियुक्त गर्नेबित्तिकै बिजुली बोकेर आउनुभयो ? चिम बोकेर आउनुभयो कि ट्रान्समिसन लाइन बोकेर आउनुभयो कि ?' ओलीले भने, 'वर्षौं लगाएर जे काम गरिएको हुन्छ, त्यसलाई चमत्कार, जादुको रूपमा व्याख्या गर्ने ? कोही पनि साथीहरूलाई यस्ता कुराको भ्रममा नपर्न आग्रह गर्न चाहन्छु ।'

कार्यक्रममा कांग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री ओलीलाई पूरा समर्थन रहेको बताएका छन् । कुलमान प्रकरणमा कांग्रेसकै नेताहरूले सरकारको आलोचना गरिरहेका वेला देउवाले भने प्रधानमन्त्रीलाई साथ रहेको स्पष्ट पारेका हुन् । 'प्रधानमन्त्री ओलीजी र म जेलदेखिकै साथी हौँ । हामी त जेलभित्रको पनि जेल गोलघरमा सँगै थियौँ । त्यस वेलादेखिकै सम्बन्ध राम्रो छ । अहिले पनि राम्रोसँग अघि बढेर जाँदै छौँ । अहिले सत्तामा सहकार्य गरिरहेका छौँ । कांग्रेसबाट उहाँलाई पूरा समर्थन छ,' देउवाले भने ।

कुलमान हटाउने निर्णय बदनियतपूर्ण र आपत्तिजनक : माओवादी

प्रमुख प्रतिपक्षी दल माओवादीले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने सरकारको निर्णय बदनियतपूर्ण र आपत्तिजनक भएको भन्दै विरोध जनाएको छ । बिचौलिया र दलालहरूको स्वार्थमा सरकारले गरेको कुशासनको पछिल्लो दृष्टान्त भएको माओवादीको ठहर छ । 'बिचौलिया र दलालहरूको स्वार्थमा गरिएको यो निर्णय कुशासनको पछिल्लो दृष्टान्त हो । यो निर्णय इमान र निष्ठाका साथ काम गर्ने समस्त कुशल प्रशासकमाथिको मनोवैज्ञानिक त्रास सिर्जना गर्ने उद्देश्यले गरिएको छ । यस प्रकारको अन्यायपूर्ण र अपमानजनक निर्णय तत्काल फिर्ता लिन हाम्रो पार्टी जोडदार माग गर्दछ,' माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले मंगलबार प्रेस विज्ञप्ति जारी गरेर भनेका छन् । घिसिङलाई हटाउने निर्णय गरेसँगै प्रायोजित दुष्प्रचार सुरु गरिएको भन्दै माओवादीले दुष्प्रचारबाट भ्रमित नहुन आग्रह गरेको छ ।

बक्यौता रकम उठाउन नदिन कुलमानमाथि कारबाही : रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टीले बक्यौता रकम उठाउन नदिने दुष्प्रयास र बिचौलियाहरूको संरक्षणका लागि सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई बर्खास्त गरेको टिप्पणी गरेको छ । रास्वपाले वर्तमान सरकारको औचित्यसमेत समाप्त भएको दाबी गर्दै यस कदममा सरकारविरुद्धका आन्दोलनमा ऐक्यबद्धता रहने जनाएको छ । दैनिक १८ घण्टासम्म लोडसेडिङको मार खेपिरहेका जनतालाई अँध्यारोको सकसबाट मुक्त गर्न मुख्य भूमिका निभाएका घिसिङलाई सरकारले बदनियतपूर्वक बर्खास्त गरेको रास्वपाको टिप्पणी छ । 'विद्युत् प्राधिकरणलाई वित्तीय सुदृढीकरणको बाटोमा लैजान प्रयासरत राष्ट्रसेवकलाई बक्यौता रकम उठाउन नदिने हेतु सरकारका तर्फबाट भए-गरेका दुष्प्रयास र बिचौलियाहरूको संरक्षणको शृंखलाअन्तर्गत नै घिसिङमाथि कारबाही गरिएको रास्वपाको निष्कर्ष छ,' पार्टी कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

राप्रपाले भन्यो- कुलमानमाथिको कारबाही बदनियतपूर्ण

राप्रपाले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको बर्खास्ती बदनियतपूर्ण भन्दै पुनर्बहालीको माग गरेको छ । मंगलबार बसेको राप्रपा आन्दोलन मूल समितिको बैठकले घिसिङलाई बदनियतपूर्ण ढंगबाट सरकारले बर्खास्त गरेको भन्दै आपत्ति जनाएको छ । 'नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई बदनियतपूर्ण ढंगबाट सरकारले बर्खास्त गर्नु आपत्तिजनक छ । राप्रपा सरकारसँग घिसिङको पुनर्बहालीको माग गर्दछ,' प्रवक्ता मोहनकुमार श्रेष्ठले बैठकपछि जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसकै केहीले पनि सार्वजनिक रूपमै गरे विरोध, एमाले मौन

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको मंगलबारको बैठकमा कांग्रेस सांसद अर्जुननरसिंह केसीले जनआक्रोश बढिरहेका वेला कुलमानलाई पदमुक्त गरेर आगोमा घिउ थप्ने काम भएको टिप्पणी गरे । 'कार्यकाल सकिन चार महिना मात्र बाँकी रहेका कार्यकारी निर्देशकलाई हटाएर सरकारले ठुलो गल्ती गरेको छ,' केसीले भने, 'यस्तो वेला अहंकारले काम गर्दैन ।' समितिका पूर्वसभापतिसमेत रहेका कांग्रेस सांसद् रामकृष्ण यादवले कुलमानलाई हटाउने सरकारको निर्णय सच्याउन पत्र लेख्नुपर्ने बताए । 'उहाँलाई हटाउन हुँदैनथ्यो, अहिले सर्वत्र आलोचना भइरहेको छ,' उनले भने, 'अब लेखा समितिबाट प्रधानमन्त्रीलाई पुनर्विचार गर्न पत्र पठाऔँ ।' कांग्रेस सांसद दीपक गिरी र सञ्जय गौतमले पनि कुलमानलाई हटाउने निर्णयको विरोध गरे । 'अति भए खति हुन्छ । अब हाम्रो इज्जत मात्रै जोगाइदिनुहोला,' सांसद गिरीले भने । बैठकमा एमाले सांसदहरूले भने यस विषयमा मौनता साधेका छन् । एमाले सांसदहरू योगेश भट्टराई, गोकुल बाँस्कोटा, तारा लामा तामाङ, ज्वालाकुमारी साहलगायतले हुलाकी, बिपी, अरनिकोलगायत राजमार्गका विषयमा मात्र धारणा राखे । सांसद भट्टराई अर्को बैठकमा धारणा राख्ने भन्दै पन्छिएका थिए । समितिका सभापतिसमेत रहेका एमाले सांसद ऋषिकेश पोखरेलले पनि कुलमानको विषयमा टिप्पणी गरेनन् ।

कडा प्रहरी सुरक्षामा हितेन्द्रदेवको पदभार

नयाँ पत्रिका

कडा सुरक्षाबिच नेपाल विद्युत् प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले मंगलबार साँझ पदभार ग्रहण गरेका छन् । सरकारबाट नियुक्तिपत्र प्राप्त गरेपछि उनले ऊर्जामन्त्री दीपक खड्काबाट शपथ लिएर रत्नपार्कस्थित प्राधिकरणको केन्द्रीय कार्यालयमा पदभार सम्हालेका हुन् । शाक्यको पदभार ग्रहणलाई लक्षित गरी प्राधिकरण परिसरमा सशस्त्र प्रहरी र नेपाल प्रहरीले उच्च सुरक्षा प्रबन्ध गरेका थिए । मंगलबार बिहानैदेखि परिसरमा सुरक्षाकर्मी तैनाथ गरिएको थियो । पदभार ग्रहणपछि पनि उनी प्रहरी सुरक्षामै कार्यालयबाट निस्किएका थिए ।

शाक्य चार वर्षका लागि कार्यकारी निर्देशकमा नियुक्त भएका हुन् । उनी यसअघि पनि प्राधिकरणको कार्यकारी निर्देशक थिए । २७ माघ ०७७ को मन्त्रिपरिषद्को निर्णयअनुसार उनलाई कार्यकारी निर्देशक बनाइए पनि पछि जलस्रोत तथा ऊर्जा आयोगमा सरुवा गर्दै कुलमान घिसिङलाई पुनः नियुक्त गरिएको थियो । सो निर्णयविरुद्ध उनी सर्वोच्च अदालत गएका थिए र मुद्दा अझै विचाराधीन छ । उनको पुरानो नियुक्तिअनुसारको कार्यकाल गत माघमै सकिएको छ ।

हितेन्द्रको पहिलो निर्णय- परियोजनाको नाम मात्रै परिवर्तन

प्राधिकरणको कार्यकारी निर्देशकमा पदभार गर्दै हितेन्द्रले एक प्रसारणलाइन परियोजनाको नाम परिवर्तन गरेका छन् । गल्छी-रातामाटे २२० केभी प्रसारण लाइनको नाम परिवर्तन गरेर 'त्रिशूली-३ बी-रातामाटे-गल्छी २२० केभी प्रसारणलाइन' कायम गरिएको छ । पदभार सम्हाल्दै हितेन्द्रले आफूसँग लामो अनुभव रहेको र नियुक्त आफ्ना लागि अवसर र चुनौती दुवै रहेको बताए । 'अनुभवका आधारमा आवश्यक देखिएका काम पूरा गर्नेछु । अहिले ऊर्जा क्षेत्रमा ठुला चुनौती छन् । बाहिर देखिएजस्तो राम्रो छैन, भित्र केही समस्या छन्,' उनले भने, 'व्यक्तिभन्दा पनि संस्थालाई प्राथमिकता दिएर काम गर्नेछु । लोडसेडिङ हुन्न दिन्न । यद्यपि, उद्योगमा लोडसेडिङ भइरहेको अवस्था छ । अबको चुनौती लोडसेडिङ होइन । विद्युत्को गुणस्तर हो । उद्योगीबाट बक्यौता उठाउने विषयमा राजनीतिक रूपमा भन्दा पनि प्राविधिक रूपमा समाधान निकाल्नेछु ।'

कुलमान...

पृष्ठ १ बाट क्रमशः

विरोध र प्रतिवाद भएको छ । सत्तापक्षीय केही नेता र सांसदले पनि सार्वजनिक रूपमै विरोध जनाएका छन् । सरकारी निर्णयले विद्युत् आपूर्ति र व्यवस्थापन फेरि धराशयी बनाउने उनीहरूको चिन्ता छ । आगामी दिनमा प्राधिकरणको विकास र सुधारभन्दा बिचौलियाको स्वार्थ सम्बोधनमा नेतृत्व लाग्ने उनीहरूको भनाइ छ । प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवा भने कुलमान हटाउने सरकारको निर्णयको प्रतिरक्षामा उत्रेका छन् ।

कुलमानको समथनमा साँझ जोरपाटीदेखि चाबहिलसम्म राँकेजुलुससहित प्रदर्शन गरेका छन् । विरोधको सुरुवात भृकुटीमण्डप प्रदर्शनीमार्गस्थित विश्वभाषा क्याम्पसबाट भएको थियो ।

नारा-जुलुससहित प्रदर्शनमा उत्रिएका उनीहरूले ऊर्जा तथा सिँचाइमन्त्री दीपक खड्काको पुत्ला दहन गरेका थिए । बिहान ८:३० बजेदेखि करिब १ घण्टा प्रदर्शनमा उत्रिएका उनीहरूले 'दीपक खड्का भ्रष्ट नायक' लेखिएको प्लेकार्ड लिएर विरोध गरेका थिए ।

त्यस्तै, मंगलबार साँझ हेटौँडामा मैनबत्ती र टुकी बालेर प्रदर्शन गरिएको छ । प्रधानमन्त्री ओलीको पुत्ला दहन रोक्न खोज्दा सुरक्षाकर्मी र प्रदर्शनकारीबिच घम्साघम्सी पनि भएको थियो । त्यस क्रममा प्रहरी निरीक्षक विमला कठायत घाइते भएकी छिन् । कुलमानको गृहजिल्ला रामेछापमा पनि राँकेजुलुस निकालिएको छ । कञ्चनपुरको महेन्द्रनगरमा ऊर्जामन्त्री दीपक खड्काको पुत्ला दहन गरिएको छ ।

कुलमानको बर्खास्तीको निर्णय गण्डकी प्रदेश सभामा पनि उठ्यो

घिसिङ पदमुक्तको निर्णय गण्डकी प्रदेश सभाको बैठकमा पनि प्रवेश गरेको छ । प्रदेश सभाको मंगलबारको बैठकको शून्य समयमा माओवादी सांसद रेशमबहादुर जुगजालीले १८घन्टे लोडसेडिङबाट देशलाई मुक्त गराएका कुलमान बिचौलियाको इसारामा हटाइएको बताए । शून्य समयपछि विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा माओवादी सांसद हरि भण्डारीले रोस्ट्रममा पुगेर कालो चस्मा लगाएर विरोध जनाए । भण्डारीको भनाइपश्चात् अन्य सात सांसदले आफनो भनाइ राखेपछि एमाले प्रमुख सचेतक गोविन्द नेपालीले टेबुल ठोकेर हात उठाउँदै समय मागेका थिए ।

एसइईमा...

पृष्ठ १ बाट क्रमशः

छौँ । देशभरका परीक्षा केन्द्रमा फारम भरी प्रवेश-पत्र लिएका सात हजार ८७९ विद्यार्थी परीक्षामा सामेल भएनन्,' उनले भने, 'उनीहरू अनुपस्थित हुनुको धेरै कारण हुन सक्छन् । केही विद्यार्थी बिरामी र केही पारिवारिक कारणले आएनन् । कोही रोजगारीको सिलसिलामा विदेश गएका कारण परीक्षामा सामेल हुन सकेनन् भने केही विद्यार्थीमा परीक्षा दिन अल्छी लाग्ने प्रवृत्ति पनि देखियो ।'

टुकी र दियालोको...

पृष्ठ १ बाट क्रमशः

निर्देशक कुलमान घिसिङले राक्सिराङलाई पूर्ण वडा विद्युतीकरण भएको घोषणा गरे । त्यसअघि घिसिङले ट्रान्समिटरको स्विच अन गरेका थिए । घिसिङको घोषणासँगै टुलकुमारीजस्ता थुप्रै चेपाङ र तामाङ परिवारको घरमा बिजुली बलेको छ ।

'बिजुली बलेपछि साँझ-बिहान घरभित्र र बाहिरको काममा सजिलो हुने भयो,' खुसी हुँदै टुलकुमारीले भनिन्, 'हाम्रै पालामा गाउँमा बिजुली आयो ।' वर्षौँदेखि सल्लाको दियालो र टुकीमा साँझ-बिहान गर्दै आएकी टुलकुमारीलाई यति सजिलै गाउँमा बिजुली आउँछ भन्ने विश्वास रहेनछ । तर, गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल र उपाध्यक्ष वनस्तम थिङसहित पूर्वजनप्रतिनिधिसमेत लागेपछि राक्सिराङ पूर्ण वडा विद्युतीकरण भएको हो ।

पूर्ण वडा विद्युतीकरण कार्यक्रमअन्तर्गत घिसिङले वडा नम्बर ६, ७ र ९ का ३३० घरधुरीलाई निःशुल्क बिजुलीको मिटरसमेत वितरण गरेका छन् । टुकी र दियालोको भरमा जीवनयापन गर्दै आएका विपन्न र आर्थिक अवस्था कमजोर भएकाका लागि विद्युत् मिटर वितरण गरिएको हो । झन्डै ५ हजार पर्ने ती विद्युत् मिटर प्राधिकरणले अति सीमान्तकृत जाति चेपाङका लागि निःशुल्क प्रदान गरेको हो । अब नौवटै वडाका हरेक घरमा बिजुली पुऱ्याइने गाउँपालिका अध्यक्ष मल्लले बताए । 'विद्युतीकरण हुन बाँकी तीनवटा वडामा सोमबार पहिलोपटक बिजुली त ल्यायौँ, तर वडाका सम्पूर्ण भागमा बिजुली पुऱ्याउन अझै समय लाग्छ,' उनले भने, 'गाउँपालिकाभित्रका झन्डै १५ सय घरधुरी अझै बिजुलीको पहुँचबाट बाहिर छन् । आगामी दुई आर्थिक वर्षभित्र सबैको घरमा बिजुली पुऱ्याउने लक्ष्य छ ।' ०७८ को जनगणनाअनुसार २५ हजार ९९६ जनसंख्या रहेको राक्सिराङमा पाँच हजार ४४ घरधुरी छन् । जसमध्ये झन्डै ४४ प्रतिशत बढी चेपाङ समुदायको बसोबास छ ।

मोटरसाइकल हरायो

मिति २०८१/१२/११ गते राती अ. १९:०५ बजेको समयमा का.जि.का.म.न.पा.-१६ नयाँबजार स्थित CEA स्कुल नजिकबाट मेरो निम्न व्यहोरा भएको कालो, रातो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : हुलास फिर्न सर्भ हायर पर्चेच लि. (अनिस लुइटेल)
मो.सा.नं.: बा.प्र. ०२-०५० प ४६४५
चेसिस नं.: MD2A13EXXRCA80005
इन्जिन नं.: DKXCRA13903
सम्पर्क न.: 9809402962

बक्यौता उठाउन रोकेको सरकारले हटाउने पत्रमा लेख्यो-

बक्यौता नउठाएको कारण तपाईंलाई हटाइयो

नयाँ पत्रिका

उद्योगीसँग बक्यौता उठाउन अवरोध गर्दै आएको सरकारले 'बक्यौता नउठाएको' आरोप लगाउँदै पदमुक्त गरिएको भन्दै नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक कुलमान घिसिङलाई पत्र थमाएको छ । पत्रमा कुलमानको जवाफ सन्तोषजनक नभएको र पदको जिम्मेवारी पूरा गर्न नसकेकोसहितका १० आरोप छन् ।

सोमबार मन्त्रिपरिषद्ले कुलमानलाई प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाएर उक्त पदमा हितेन्द्रदेव शाक्यलाई नियुक्ति गर्ने निर्णय गरेको थियो । त्यही निर्णयका आधारमा ऊर्जा मन्त्रालयले मंगलबार साँझ कुलमानलाई पदमुक्त भएको पत्र दिएको छ ।

ऊर्जासचिव सुरेश आचार्यको हस्ताक्षर रहेको पत्रमा '... तपाईंले पेस गरेको सफाइ सन्तोषजनक नदेखिएको र आफ्नो पदको जिम्मेवारी पूरा गर्न नसकेको हुँदा देहायमा उल्लिखित आधार र कारणबाट तपाईंलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदबाट हटाउने भनी ११ चैतको मन्त्रिपरिषद्को बैठकबाट निर्णय भएको व्यहोरा जानकारी गराउँदछु' भनिएको छ ।

दश आरोपमध्ये एक 'बक्यौता नउठाएको' भन्ने छ । '२५ कात्तिकको मन्त्रिपरिषद्को निर्णयबमोजिम डेडिकेटेड फिडर तथा ट्रंकलाइनबाट विद्युत् उपयोग गर्ने ग्राहकहरूले खपत गरेको विद्युत्को बक्यौता रकम टिओडी मिटरसमेतको आधारमा महसुल निर्धारण तथा असुलीसम्बन्धी तत्काल प्रचलित कानुनबमोजिम गणना गरी १५ दिनभित्र असुलउपर मन्त्रालयले गर्ने-गराउने भनी यस मन्त्रालयलाई निर्देशन भएको थियो । उक्त निर्देशनलाई कार्यान्वयन गर्नका लागि नेपाल विद्युत् प्राधिकरणलाई लेखिपठाउँदा तपाईंले सोको कार्यान्वयन नगर्नुभएको,' पत्रको पाँचौँ बुँदामा छ ।

पछिल्लोपटक उद्योगीको बक्यौता घटाउने योजनासहित २५ कात्तिककै मन्त्रिपरिषद्को निर्णयलाई आधार बनाएर २ मंसिरमा मन्त्रालयले बक्यौता जाँचबुझ समिति गठन गरेर बक्यौता असुली प्रक्रियालाई अल्झाएको थियो ।

सोही समितिलाई देखाउँदै ११ मंसिर र ९ फागुनमा विद्युत् नियमन आयोगले 'अर्को निर्णय नआएसम्म बक्यौता असुलीका कारबाही यथास्थितिमा राख्नू' भनेको थियो । आयोगले रोकेपछि प्राधिकरणले बक्यौता असुलीका लागि थप कारबाही अगाडि बढाउन पाएको थिएन । तर, ३ चैतमा सर्वोच्चले उक्त जाँचबुझ समितिबाट काम नगराउन निर्देशन दिएको थियो । त्यसपछि कुलमान बक्यौता उठाउने प्रक्रियामा लागेका थिए ।

न्यायका लागि बुधबार सर्वोच्च अदालत जाँदै कुलमान

आफूलाई पदबाट हटाएपछि कुलमान त्यसको विरुद्ध बुधबार नै सर्वोच्च अदालत जाँदै छन् । पत्र पाएपछि नयाँ पत्रिकासँगको कुराकानीमा कुलमानले न्यायिक लडाइँमा जाने तयारीमा रहेको बताए । 'सरकारबाट पदमुक्त गरेको पत्र प्राप्त भएको छ । पत्रमा उल्लेखित व्यहोराकै आधारमा मलाई हटाउनुपर्ने कारण देख्दिनँ । राम्रो काम गरेकाले हटाइयो । म न्यायका लागि लड्ने योजनामा छु,' उनले भने ।

ऋण चुक्ता गर्ने सम्बन्धि २१ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/१३

यस ॐ साई विनायक बचत तथा ऋण सहकारी संस्थाँ लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरूले यस संस्थाँबाट लिएको ऋणको भुक्तानी मिति समाप्त भई सके पनि संस्थाँमा तिर्नु बुझाउनु पर्ने साँवा र व्याज न तिरी न बुझाई ऋण सम्वन्धि शर्त उल्लंघन गर्नु भएको र कर्जा चुक्ता गर्न पटक-पटक लिखित र मौखिक ताकेता गर्दा पनि वे वास्ता गरी कर्जा चुक्ता न गर्नु भएको, फोनमा सम्पर्क गर्दा फोन नलाग्ने र फोन लागे पनि फोन नउठाउने गरेको । कतिपय ऋणी सम्पर्क बिहिन भएकोले यो सूचना दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस संस्थाँमा उपस्थित भई ऋणको साँवा व्याज र अन्य दस्तुर समेत चुक्ता भुक्तानी गर्नुहोला भनी ऋणलिने र जमानी बस्ने दुवैकालागि सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र संस्थाँमा सम्पर्क गरी ऋण चुक्ता नगरेमा सहकारी ऐन नियम र यस संस्थाँसँग गरिएको लिखतको आधारमा संस्थाँको विनियम अनुसार कालो सुचिमा राख्ने, निजको चल अचल सम्पति रोक्का राखी धितो लिलामी गरिने र सहकारी ऐन नियम तथा नेपाल सरकारको प्रचलित कानून अनुसार अन्य कारवाही गरी ऋण असूल ऊपर गरिने छ भनी ऋणी, ऋणीको एकाघरको परीवार साथै जमानी वस्ने सबैमा यस सूचनाबाट जानकारी गराईन्छ ।

ऋणीहरूको विवरण

१	**ऋणीको नाम : शर्मिला गौचन** नागरिकता नं : १३५८, काठमाडौं ठेगाना : लेते गा.वि.स. वडा नं-६, मुस्तांङ जिल्ला स्थानीय ठेगाना : काठमाडौं-१४, कुलेश्वर बाबुको नाम : मिन बहादुर शेरचन पतिको नाम : युग प्रसाद गौचन घरायसी ऋणको २०८१ आषाढ ३१ सम्मको बाकी साँवा र व्याज : ७,१२,४००/-	२	**ऋणीको नाम : दिनेश कुमार साह** नागरिकता नं : २९५/१०८४,सिराहा ठेगाना : राजपुर गा.वि.स. वडा नं-६, सिराहा जिल्ला स्थानीय ठेगाना : काठमाडौं-९, तिलगंगा बाबुको नाम : देवनारयण साह पतिको नाम : राम स्वरूप साह होटल व्यवसायको २०८१ आषाढ ३१ सम्मको बाकी साँवा र व्याज गरी जम्मा : ४,४८,०००/-
३	**ऋणीको नाम : रवीन सिंखडा** नागरिकता नं : ७५७६, धादिंङ ठेगाना : गल्छी गा.बि.स. बडा नं-२, धादिंङ जिल्ला स्थानीय ठेगाना : नागार्जुन-१०, स्युयाटर बाबुको नाम : भवनाथ सिंखडा पतिको नाम : ऋतु सिंखडा स्टेशनरी व्यापार ऋणको २०८१ आषाढ ३१ सम्मको साँवा र व्याज गरी जम्मा बाँकी रु. २८,३१,१२५/- सापटी बाँकी रु. ४,००,०००/- जम्मा : रु. ३२,३१,१२५/-	४	**ऋणीको नाम : सीता भट्टराई** नागरिकता नं : २०१०२१/६९, सिन्धुली ठेगाना : झांगा झोली रातमाटा गा.बि.स. बडा नं-७, सिन्धुली जिल्ला बाबुको नाम : भुवन कुमार थापा पतिको नाम : राजकुमार भट्टराई ससुराको नाम : मदन बहादुर भट्टराई व्यापार ऋणको २०८१ आषाढ ३१ सम्मको साँवा र व्याज गरी बाँकी ७,०२,८००/-
५	**ऋणीको नाम : राजकिशोर मण्डल** नागरिकता नं : ३९२३५०३७/१२१८/४१९, महोत्तरी ठेगाना : जलेश्वर गा.वि.स. वडा नं-४, महोत्तरी जिल्ला स्थनीय ठेगाना : काठमाडौं-९, तिलगंगा बाबुको नाम : जिवछ मण्डल पतिको नाम : लक्ष्मी मण्डल घरायसी ऋणको २०८१ आषाढ ३१ सम्मको बाकी साँवा र व्याज गरी जम्मा : २,४०,८००/-	६	**ऋणीको नाम : रंजिता लामीछाने** नागरिकता नं : ६१/४०७१०, मकवानपुर ठेगाना : हेटौंडा उपमहानगरपालिका वडा नं-९, मकवानपुर जिल्ला बाबुको नाम : टेक प्रसाद लामीछाने बजेको नाम : कुल प्रसाद लामीछाने व्यापार ऋणको २०८१ आषाढ ३१ सम्मको साँवा र व्याज गरी जम्मा रु. ६,३१,६००/-
७	**ऋणीको नाम : राजु प्रधानाङ्ग** नागरिकता नं : १२९४१, काठमाडौं ठेगाना : काठमाडौं महानगरपालिका वडा नं-१४, कुलेश्वर बाबुको नाम : विश्व बहादुर प्रधानाङ्ग पतिको नाम : जगत बहादुर प्रधानाङ्ग व्यापार ऋणको २०८१ आषाढ ३१ सम्मको साँवा र व्याज गरी जम्मा रु. ६,३१,६००/-	८	**ऋणीको नाम : संजीव प्रधानाङ्ग** नागरिकता नं : १२९४३, काठमाडौं ठेगाना : काठमाडौं महानगरपालिका वडा नं-१४, कुलेश्वर बाबुको नाम : विश्व बहादुर प्रधानाङ्ग पतिको नाम : जगत बहादुर प्रधानाङ्ग व्यापार ऋणको २०८१ आषाढ ३१ सम्मको साँवा र व्याज गरी जम्मा रु. ६,३१,०००/-

ॐ साई विनायक बचत तथा ऋण सहकारी लिमिटेड
बबरमहल, काठमाडौं, फोन नं-५७०५३६१

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित तथा तथा औषधी व्यवस्था विभागबाट ईजाजतपत्र पत्र प्राप्त

ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड
Om Megashree Pharmaceuticals Limited
Om Megashree -Pharmaceuticals- your health, our concern
रजिस्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालिका, वडा नं. १०, नयाँ वानेश्वर काठमाण्डौं, नेपाल
फोन न.: ०१-५२४४३१०, इमेल : info@ommegashreepharmaceuticals.com
वेभसाइट: www.ommegashreepharmaceuticals.com
को

सर्वसाधारणहरुको लागि निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धी सूचना

ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेडको आफ्नो जारी पूँजी रु.६०,००,००,०००/- (अक्षेरपी साठ्ठी करोड रुपैयाँ मात्र) को ३०% ले हुन आउने रु.१८,००,००,०००/- (अक्षेरपी अठार करोड रुपैयाँ मात्र) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरका कूल १८,००,००० कित्ता साधारण शेयरको १०% अर्थात १,८०,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई, ३ प्रतिशत अर्थात ५४,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुलाई र ५ प्रतिशत अर्थात ९०,००० कित्ता साधारण शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरे पश्चात् बाँकी रहेको १४,७६,००० कित्ता सर्वसाधारण नेपालीहरुलाई मिति २०८१ फाल्गुण २७ गतेदेखि मिति २०८१ चैत्र ०३ गतेसम्म प्रभु क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा सार्वजनिक निष्काशन तथा बिक्री गरिएकोमा उक्त अवधिभर प्राप्त हुन आएको रितपूर्वक १८,५६,०४९ आवेदनहरु मध्ये १,४७,६०० जना आवेदकहरुलाई "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था को अधिनमा रहि मिति २०८१ चैत्र १२ गते निष्काशन तथा बिक्री प्रबन्धक श्री प्रभु क्यापिटल लिमिटेडको परिसरमा बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

साथै यस निष्काशन कार्यमा सहयोग तथा सदभाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आश्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., प्रत्याभुतिकर्ता, सञ्चारमाध्यमहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

बाँडफाँडमा परेका शेयरहरुको विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडका Website: www.prabhucapital.com अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित Website: iporesult.cdsc.com/meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
Prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६५१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/१२/१३

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमको सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८१/१२/२७ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ ।

क्र.स.	सवारीको नाम	बनेको साल	दर्ता. नं.	सवारी रहेको स्थान
१.	Mahindra THAR 4WD	२०१७	बा १७ च ८२४४ (B AB 1092)	केन्द्रिय कार्यालय, नारायणहिटिपथ, काठमाडौं

शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रसाथ बोलपत्रदाताले जमानत बापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लागी बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।
६. प्रस्तावित बोलपत्र मिति २०८१/१२/२८ गते बैंकको नारायणहिटी पथ, केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ ।

Citizens Bank
सामान्य सेवा विभाग
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः gsd@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

www.ctznbank.com

भावपूर्ण श्रद्धाञ्जली

जन्म
वि.सं. २०१२/१२/०३

स्वर्गारोहण
वि.सं. २०८१/१२/०१

स्व. श्यामकृष्ण शर्मा दोरंगा

हाम्रा सहृदयी मित्र श्री रामचन्द्र शर्माका पूजनीय पिता **श्यामकृष्ण शर्मा दोरंगा**ज्यूको असामयिक निधनको खबरले हामी २०६६ (भाद्र) ब्याचका अधिकृत (लेखा, लेखापरीक्षण) सहपाठीहरु अत्यन्तै दुःखी र मर्माहत भएका छौं । स्वर्गीय पिताप्रति हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

काशीनाथ खनाल
कृष्ण बहादुर अधिकारी
खडक बहादुर शाही
घनश्याम न्यौपाने
चिरञ्जीवी अधिकारी
तीर्थराज बराल
नन्द कुमार प्रधान
बालकृष्ण थापा
बिन्ध्या कार्की
मनोज कुमार सुनुवार
मानदेव ठाकुर
मुक्तिरमण पराजुली

यदुराज शर्मा नेपाल
रविचन्द्र अर्याल
रमेश कार्की
रेमा दुंगाना
रोशन कुमार ओझा
शालिग्राम चौधरी
श्यामकृष्ण थापा
सर्वोदय उपाध्याय
सुदीप प्रसाद तिमल्सेना
सुमन मरासिनी
हरि पंगेनी
हिरा न्यौपाने

उमेश सुवेदी
कल्पना अर्याल
कुलचन्द्र भण्डारी
कृष्णहरि दाहाल
ताराध्वज सुनुवार
पार्वती कँडेल
मोहन खनाल
श्याम प्रसाद भण्डारी
सम्झना बराल
हुमनाथ सुवेदी

प्रधानमन्त्री कपमा सय विकेट लिने ललित पहिलो बलर

नयाँ पत्रिका

नेपाल पुलिस क्लबका स्पिनर ललितनारायण राजवंशी प्रधानमन्त्री एकदिवसीय क्रिकेट प्रतियोगिता (पिएम कप) मा सय विकेट लिने पहिलो बलर बनेका छन् । ललितले पिएम कपमा ४२ खेलबाट सय विकेट लिएका हुन् । सन् २०१७ देखि निरन्तर रूपमा ललितले प्रतिस्पर्धा गरिरहेका छन् । समग्रमा उनले आठ सिजनमा एक सय तीन विकेट संख्या पुऱ्याएका छन् । उनले एक हजार १३ रन दिनुका साथै ४५ मेडन ओभर गरेका छन् । यो सिजनमा उनले आठ खेलमा सर्वाधिक ३६ विकेट लिएका छन् ।

पिएम कपमा सय विकेटनजिक अर्का बलर त्रिभुवन आर्मी क्लबका साहब आलम हुन् । साहबले अहिलेसम्म ९९ विकेट लिएका छन् । उनले ४८ खेलको ४६ इनिङ्स खेलेका छन् । तेस्रो नम्बरमा सुदूरपश्चिमका शेर मल्लले ६९ विकेट लिएका छन् । चालू आठौँ संस्करणको लिग चरणको अन्तिम खेलमा आर्मी र पुलिसबिच प्रतिस्पर्धा हुनेछ । यसै खेलमा आलमसमक्ष सय विकेट लिने अवसर जुरेको छ । यसपटक उनले २४ विकेट लिएका छन् ।

प्रतियोगिताअन्तर्गत मंगलबार पुलिसले कर्णालीविरुद्ध प्रतिस्पर्धा गरेको थियो । ललितले ४१ रन खर्चेर ६ विकेट लिँदै सय विकेटको कोसेढुंगा पूरा गरेका हुन् । यसपटक उनले आफूलाई उत्कृष्ट फर्ममा राखी सर्वाधिक विकेट लिने बलरको सूचीको शीर्ष स्थानमा आफूलाई उभ्याएका छन् ।

ललितले दुई खेलमा समान पाँच विकेट तथा तीनपटक ६ विकेटको प्रदर्शन गरेका छन् । ललितले कर्णाली र सुदूरपश्चिमविरुद्ध समान पाँच विकेट लिएका थिए । उनले मधेश, गण्डकी तथा एपिएफविरुद्धको महत्त्वपूर्ण खेलमा ६ विकेट लिन सफल भए । ललितले लुम्बिनी र कोशीविरुद्ध समान दुई विकेट हात पारेका थिए । बागमती प्रदेशविरुद्ध उनले ३४ रन खर्चेर चार विकेट लिए ।

आठौँ जितसँगै पुलिस फाइनलमा

प्रतियोगितामा लगातार आठौँ जित निकाली पुलिसले फाइनल स्थान पक्का गरेको छ । १६ अंक जोडेको पुलिसले शीर्ष स्थान बलियो बनाएको छ । दोस्रो स्थानमा आर्मी र तेस्रो स्थानमा एपिएफ रहेका छन् । यी दुई मध्ये एक टोलीले अन्तिम दुई स्थान बनाउनेछन् । आर्मीले आठ खेलबाट १४ अंक तथा एपिएफले समान खेलबाट १२ अंक जोडेको छ । पिएम कपमा अपराजित रही अन्तिम दुई स्थान बनाउने क्रममा पुलिसले मंगलबार लहमीमा कर्णालीलाई ४४ रनले हरायो ।

पहिलो ब्याटिङ गरेको पुलिस ४८ ओभरमा १४७ रनमा समेटियो । प्रत्युत्तरमा ललितको घातक बलिङ सामना गर्न नसक्दा कर्णालीले मध्यम योगफल पनि पछ्याउन सकेन । कर्णाली २४ ओभरमा १०३ रनमा समेटियो । कर्णालीको फितलो ब्याटिङमा ओपनर रवीन्द्र साहीले ३२ बलमा ४९ रन तथा अर्जुन घर्तीले ४२ बलमा ३० रन बटुले । सो इनिङ्समा तीन खेलाडी शून्य रनमा आउट भए । ६ खेलाडीले दोहोरो रन नै बनाएनन् ।

यसअघि पुलिसको ब्याटिङमा अर्जुन साउदले सर्वाधिक ३६ रन जोडेका थिए । उनले ६० बलमा चार चौका र एक छक्का प्रहार गरे । यसैगरी, दिलीप नाथले ५९ बलमा ३४ रन बनाए । पुलिस इनिङ्सको एक समय १०९-९ को कमजोर अवस्थामा थियो । तर, पुछारका सागर ढकाल र श्रवण यादवले दसौँ विकेटका लागि महत्त्वपूर्ण ३८ रन जोडे । श्रवणले ३९ बलमा ११ रन तथा सागरले २८ बलमा २२ रन बटुलेका थिए ।

विशालले लिए ६ विकेट

प्रतियोगिताअन्तर्गत भैरहवामा मधेश प्रदेशले सुदूरपश्चिमलाई ४४ रनले हराएको छ । यस खेलमा मधेशका विशाल पटेलले उत्कृष्ट बलिङ प्रदर्शन गरे । उनले ६ ओभरमा १८ रन खर्चेर ६ विकेट लिए । उनले दुई मेडन ओभर फ्याँके । पहिलो ब्याटिङ गरेको मधेशले ४२.३ ओभरमा १०२ रनको योगफल खडा गऱ्यो ।

प्रत्युत्तरमा सुदूरपश्चिम २९ ओभरमा ५८ रनमै समेटियो । सुदूरपश्चिमको ब्याटिङमा हेमन्त धामीले सर्वाधिक १९ रन बनाए ।

> लगातार आठ सिजनमा ४२ खेलबाट ललितले १०३ विकेट पुऱ्याए

यसबाहेक ६ खेलाडी डकआउट भए । प्रकाश पाण्डे, निश्चल क्षेत्री तथा मिलन बोहरा गोल्डेन डकआउट भएका थिए । उनीहरूले सामना गरेको पहिलो बलमै आउट भए । विशालले इनिङ्सको १.१ ओभरमा प्रकाश, १.२ ओभरमा निश्चल तथा १.४ ओभरमा किरण ठगुन्नालाई क्रिजबाट हटाए । पावर प्लेमै विशालले घातक बलिङ गरेपछि सुदूरपश्चिम ५.३ ओभरमा ६-६ का नाजुक स्थितिमा पुगेको थियो । यसअघि सुदूरपचिमले पनि मधेशविरुद्ध कसिलो बलिङ गरेको थियो । हेमन्त र शेर मल्लले समान चार विकेट लिँदा मधेश १०२ रनमा अलआउट भएको थियो । मेधशको ब्याटिङमा प्रदीप पासवानले सर्वाधिक २३ रन जोडेका थिए ।

अंक तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
पुलिस	८	८	०	१६	२.२७
आर्मी	८	७	१	१४	१.६७
एपिएफ	८	६	२	१२	०.५२
बागमती	८	४	४	८	०.११
कर्णाली	९	४	५	८	-०.३३
लुम्बिनी	९	४	५	८	-०.३४
मधेश	८	३	५	६	-०.४७
सुदूरपश्चिम	९	३	६	६	-०.६२
गण्डकी	९	२	७	४	-१.१७
कोशी	८	१	७	२	-१.२९

■ एएफसी एसियन कप २०२७ छनोट

मलेसियासँग हाऱ्यो नेपाल

नयाँ पत्रिका

एएफसी एसियन कप २०२७ को छनोट चरणअन्तर्गत समूह 'एफ'को पहिलो खेलमा नेपाल मंगलबार मलेसियासँग २-० ले पराजित भएको छ । मलेसियाको जोहोर बारुस्थित सुल्तान इब्राहिम रंगशालामा नेपालविरुद्ध घरेलु टोलीका हेक्टर हाबल र कोर्बिन ओङले समान एक गोल गरेका थिए । मलेसियाले पहिलो तथा दोस्रो हाफमा गोल गरेको थियो । खेलको मलेसियाले २९औँ मिनेटमा १-० को अग्रता लियो । घरेलु खेलाडी हेक्टरले नेपालको कमजोर डिफेन्समा गोल गरेका हुन् । उनले डिबक्सभित्रबाट प्रहार गरेको बल नेपाली डिफेन्डरलाई लाग्दै गोलमा परिणत भएको थियो ।

खेलको ७०औँ मिनेटमा मलेसिया २-० ले अगाडि रह्यो । यसपटक कोर्बिनले वान टचमै गोल गरे । नेपालका प्रशिक्षक म्याट रोसले दोस्रो हाफमा तीन खेलाडी परिवर्तन गरेका थिए । खेलको ८५औँ मिनेटमा स्ट्राइकर रेजिन सुब्बाले राष्ट्रिय टोलीबाट डेब्यु गरे । उनले जिलेस्पीजंग कार्कीलाई विस्थापित गरेका हुन् । समूह 'एफ'मा नेपालले अब भियतनाम र लाओससँग खेल्न बाँकी छ । छनोटको अर्को खेलमा भियतनामले लाओसलाई ५-० ले हराउँदै सानदार सुरुवात गरिसकेको छ ।

मलेसियाविरुद्धको खेल दशरथ रंगशालामा हुनुपर्ने थियो । एसियाली फुटबल महासंघले रंगशालालाई अन्तर्राष्ट्रिय मान्यता नदिँदा खेल मलेसियामा भएको हो ।

अझै नेपाल गोलविहीन

मलेसियाविरुद्ध नेपाल आठौँ अन्तर्राष्ट्रिय खेल पनि जितविहीन भयो । नेपालले अहिलेसम्म मलेसियाको पोस्टमा गोल गर्न सकेको छैन । मलेसियाले आठ खेलमा गरी नेपालविरुद्ध २५ गोल गरेको छ । सन् १९८५ मा नेपालले विश्वकप छनोटमा मलेसियालाई गोलरहित बराबरीमा रोकेको थियो । मलेसिया र नेपालबिच पहिलोपटक सन् १९८३ मा मर्डेका कपमा खेल भएको थियो । सो खेलमा मलेसिया ७-० ले विजयी भयो ।

फिफा वरीयतामा नेपाल १७५औँ स्थानमा छ । मलेसिया नेपालभन्दा ४३ स्थानमाथि १३२औँ स्थानमा छ । अब नेपालले १० जुनमा लाओससँग अवे खेल खेल्नेछ । त्यसपछि ९ अक्टोबरमा भियतनामसँग अवे खेल हुनेछ । हरेक समूहबाट शीर्षस्थानमा रहने टोलीले एसियन कप खेल्नेछ ।

■ आइपिएल-२०२५

पन्जाब ११ रनले विजयी

एजेन्सी

पन्जाब किंग्सले इन्डियन प्रिमियर लिगअन्तर्गत मंगलबार गुजरात टाइटन्समाथि ११ रनको जित निकालेको छ । अहमदावादमा पन्जाबले पहिलो ब्याटिङ गरी २० ओभरमा पाँच विकेटको क्षतिमा २४३ रनको विशाल योगफल बनाएको थियो । प्रत्युत्तरमा गुजरातले २० ओभरमा पाँच विकेटको क्षतिमा २३२ रन जोड्दा ११ रनले पराजित भयो ।

गुजरातका लागि ओपनर साई सुदर्शनले ४१ बलमा ७४ रन तथा जोस बटलरले ३३ बलमा ५४ रनको योगदान दिएका थिए । साईले पाँच चौका र ६ छक्का प्रहार गरेका थिए । बटलरले चार चौका र दुई छक्का प्रहार गरे । यसैगरी, कप्तान शुभमन गिलले १४ बलमा ३३ रन प्रहार गरे । सेर्फनिले २८ बलमा ४६ रन जोडे । यसअघि ब्याटिङ गरेको पन्जाबका लागि कप्तान श्रेयश अयर शतक बनाउन चुकेका थिए । पन्जाबले विशाल योगफल तयार पार्ने क्रममा श्रेयशले ४२ बलमा नौ छक्का र पाँच चौकाको सहयोगमा ९७ रनको नटआउट योगदान दिएका थिए । ओपनर प्रियांश आर्याले २३ बलको सामना गरी सात चौका र दुई छक्काको सहयोगमा ४७ रन जोडे ।

श्रेयशले शशांक सिंहसँग छैटौँ विकेटका लागि २८ बलमा ८१ रनको साझेदारी गरे । शशांकले १६ बलमा ६ चौका र दुई छक्का प्रहार गरी ४४ रनको नटआउट इनिङ्स खेले । मार्कोस स्टोनिसले १५ बलमा २० रन बनाए । अस्ट्रेलियन स्ट्रोक खेलाडी ग्लेन म्याक्सवेल सामना गरेको पहिलो बलमै आउट भए । साइ किशोरेले एलबिडब्लूका रूपमा म्याक्सवेललाई आउट गरेका हुन् । बलिङमा साईले गुजरातका लागि ४ ओभरमा ३० रन खर्चेर तीन विकेट लिएका थिए ।

पन्जाबको ब्याटिङमा पहिलो विकेटका लागि १९ बलमा २८ रन साझेदारी भएको थियो । आयरले प्रियांशसँग दोस्रो विकेटका लागि २१ बलमा ५१ रनको साझेदारी गरे । स्टोनिस र श्रेयशबिच पाँचौँ विकेटका लागि २८ बलमा ५७ रनको साझेदारी भएको थियो ।

नारायणी यातायात व्यवसायी संघको

घरजग्गा बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गरिएको ३० दिने सूचना

(प्रकाशित मिति : २०८१/१२/१३)

नारायणी यातायात व्यवसायी संघको ३६औं वार्षिक साधारणसभाले संघको नाममा रहेको घरजग्गा बिक्रीगरी आन्तरिक राजश्व कार्यालय हेटौंडालाई तिर्न बुझाउन बांकी रहेको बक्यौता मू.अ.कर रकम चुक्ता गर्ने भनि निर्णय गरेकोले निम्न व्यहोरा बमोजिमको यस संघको घर जग्गा बोलपत्रको माध्यमद्वारा बिक्री गर्नुपर्ने भएको हुंदा इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरूको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

घरजग्गाको विवरण:

१. नारायणी यातायात व्यवसायी संघको नाममा जिल्ला चितवन, भरतपुर महानगरपालिका वडा नं. १, रामनगर (साविक: नारायणगढ गा.वि.स. वडा नं. ५)मा रहेको कि.नं. १५८८, क्षेत्रफल: ०-०-९½-० बिघा जग्गा र ऐ.ऐ. ठेगानामा रहेको कि.नं. १५९०, क्षेत्रफल: ०-०-५½-० बिघा जग्गा गरी जम्मा क्षेत्रफल ०-०-१५-० बिघा जग्गा एवम् सोमा जडित सम्पूर्ण लिगलगापात समेत, न्यूनतम बिक्री मूल्य रु. ५५,००,०००।- (अक्षरुपी: पचपन्न लाख मात्र) ।

२. नारायणी यातायात व्यवसायी संघको नाममा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १४, खसीबजारमा रहेको कि.नं. २०१, क्षेत्रफल: ९५.३७ बर्गमिटर घरसहितको जग्गा एवम् सोमा जडित सम्पूर्ण लिगलगापात समेत, न्यूनतम बिक्री मूल्य रु. १,७५,००,०००।- (अक्षरुपी: एक करोड पचहत्तर लाख मात्र) ।

शर्तहरू:

१. इच्छुक बोलपत्रदाताले नारायणी यातायत व्यवसायी संघको कार्यालयमा सम्पर्क राखी आवश्यक जानकारी हासिल गर्न वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाता(व्यक्ति, फर्म, संस्था वा कम्पनी)ले मिति २०८१/१२/०७ गतेसम्म कार्यालय समयभित्र बोलपत्र फाराम शुल्क रु. ५,०००।- फिर्ता नहुने गरी नगदै बुझाई बोलपत्र फारम खरिद गर्नुपर्नेछ । बोलपत्र फारम खरिदका लागि व्यक्तिको हकमा नागरिकता र फर्म/संस्था/कम्पनीको हकमा अद्यावधिक प्रमाणपत्र, करचुक्ता र नागरिकता सहित निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्रदाताले बोलपत्रसाथ आफुले खरिद गर्न चाहेको घरजग्गाको यसै सूचनामा उल्लेख भएको न्यूनतम मूल्यको ५ (पाँच) प्रतिसत रकम नारायणी यातायात व्यवसायी संघको नाममा प्राइम कमर्सियल बैंक लि., हेटौंडामा रहेको खाता नं. १६३०१००००००२५१००१६९मा दाखिला गरी सोको प्रमाण संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रमा आफुले लिन चाहेको सम्पती के कति रकममा खरिद गर्न चाहेको हो, स्पष्टसंग अंक र अक्षरमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. बोलपत्रदाताको सहि छाप अनिवार्य छ । म्याद नाघी वा रीत पुरा नगरी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. बोलपत्र प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिन अर्थात मिति २०८२/०१/११ गते, दिनको २:०० बजेभित्र नारायणी यातायात व्यवसायी संघको मुख्य कार्यालय हेटौंडा-४मा दर्ता गरी सक्नु पर्नेछ ।

७. नारायणी यातायात व्यवसायी संघको मुख्य कार्यालय हेटौंडा–४मा दर्ता भएका बोलपत्रहरू मिति २०८२/०१/११ गते दिनको ३:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजहरूको प्रतिनिधिको रोहवरमा संघको मुख्य कार्यालय हेटौंडा-४मा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न वाधा पर्नेछैन ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

९. बोलपत्र सम्बन्धी थप विस्तृत विवरण बोलपत्र फारममा उल्लेख गरिएको छ ।

नारायणी यातायात व्यवसायी संघ
मुख्य कार्यालय, हेटौंडा-४, पारिजातपथ, मकवानपुर
फोन नं. ०५७-५२०६७०, ५२६०७०

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

Rajapur Irrigation Management Office (RIMO)

Rajapur, Bardiya

Notice of Financial Bids Opening

Date of publication: 26th March, 2025

Project No. and Title: 56218-001: Irrigation Modernization Enhancement Project

This is to notify all concerned bidders who submitted bids in response to our notice for **OCB Nos. IMEP/RIP/B-1a/CW-117 & IMEP/RIP/B-1a/CW-118**, published on **6th December 2024** in Naya Patrika National Daily Nepali Newspaper. The details of Technical Evaluation of the contracts are mentioned below and hence requested to attend in financial bid opening in following place, date and time.

Details of Technical Evaluation:

OCB No. IMEP/RIP/B-1a/CW-117

S.N.	Bidder Name	Responsive/Non-Responsive	Remarks
1	Kalika-Rayamajhi-Karna JV, Samakhusi, Kathmandu	Responsive	
2	LAMA-DYNAMIC JOINT VENTURE, Chitwan	Non- Responsive	Does not meet 2.4.1 of Section 3: Evaluation and Qualification Criteria
3	Tundi-Amar-Rautaha JV, Kalimati, Kathmandu	Non- Responsive	Does not meet 2.4.1 of Section 3: Evaluation and Qualification Criteria
4	MENAKSHI-S.B.A J.V, Sukedhara, Kathmandu	Responsive	
5	ANK-JOSHI-XCGC, Mahendranagar	Responsive	
6	RSC & SEW - JOINT VENTURE, Kathmandu	Responsive	
7	Lumbini/Swachchhanda/Bandan Bhagwati JV, Battisputali	Responsive	
8	DNC-VISHAN-KCDC, Neelkantha, Dhading	Responsive	
9	SACIL -KKCPL JV, Banke	Responsive	
10	KUMAR-BCPL-ROYAL JOINT VENTURE, Mahendranagar	Responsive	
11	SSNR-K.S. J/V,Dhangadhi-2 Kailali Nepal, Jwagal, Lalitpur	Responsive	
12	SSC-NB-PS JV, Butwal	Responsive	

OCB No. IMEP/RIP/B-1a/CW-118

S.N.	Bidder Name	Responsive/Non Responsive	Remarks
1	MENAKSHI-S.B.A JV, Sukedhara, Kathmandu	Responsive	
2	SSC-NB-Babul JV, Butwal	Responsive	
3	Kalika-Bagale Thapa-Bnt JV, Koteshwor, Kathmandu	Responsive	
4	Lumbini/Swachchhanda/Bandan Bhagwati JV, Battisputali, Kathmandu	Responsive	
5	SACIL -KKCPL JV, Banke	Responsive	
6	KUMAR Shrestha Nirman Sewa Pvt. Ltd., Kathmandu	Responsive	
7	DNC-GCAM-JOGIMARA JV, Gusingal, Lalitpur	Responsive	
8	ANK-JOSHI-XCGC, Mahendranagar	Responsive	
9	SSNR-K.S. JV, Jwagal, Lalitpur	Responsive	
10	RSC & SEW - JV, Kathmandu	Responsive	
11	Tundi-Amar-Rautaha JV, Kalimati, Kathmandu	Non Responsive	Does not meet 2.4.1 of Section 3: Evaluation and Qualification Criteria

Details of Financial Bid Opening
Place : Rajapur Irrigation Management Office, Rajapur, Bardiya
Date & time : 14:00 hrs., 2nd April, 2025

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com

CamScanner